# बेलकोटगढी नगरपालिकाको वस्तुगत विवरण

## (जिपिएस प्रविधिमा आधारित पार्श्वचित्र- २०७८)

# बेलकोटगढी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बाघखोर, नुवाकोट

बागमती प्रदेश, नेपाल

# बेलकोटगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बाघखोर, नुवाकोट
### बागमती प्रदेश, नेपाल

## दुई शब्द

समृद्ध बेलकोट निर्माणतिर उन्मुख दीर्घकालीन सोच तय गरी आवधिक योजना तर्जुमा गर्न, योजनाको प्रभावकारी कार्यान्वयन गर्न र सेवा प्रवाहलाई थप व्यवस्थित गर्नको निमित्त बेलकोटगढी नगरपालिकाको वर्तमान अवस्थाको वस्तुगत विवरण जिपिएसमा आधारित डाइनामिक डिजिटल नगर पार्श्वचित्र (प्रोफाइल) निर्माण गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ ।

नगरपालिकाको यस डिजिटल पार्श्वचित्रले बेलकोटगढी नगरपालिकाको भूगोल, नदीनाला, हावापानी, जनसंख्या, जातजाति, संस्कृति, ऐतिहासिक धरोहर, आर्थिक तथा सामाजिक विकासको अवस्था, पर्यटकीय सम्भावनाका क्षेत्रहरू, पूर्वाधारको अवस्था लगायतका विषयगत क्षेत्रको आधारभूत विवरण तथा तथ्याङ्क समेटेको छ । यसलाई समय सन्दर्भ र नगरपालिकाको आवश्यकता अनुसार परिष्कृत रूपमा परिमार्जन सहित अद्यावधिक गरी विभिन्न संस्करणमा प्रकाशन गर्ने कामलाई यस नगरपालिकाले निरन्तरता दिनेछ । तथ्याङ्क र सूचनामा आधारित योजना निर्माण तथा कार्यान्वयन गर्ने अभ्यासलाई मूर्त रूप दिन यस पार्श्वचित्रले आधार खडा गरेको छ ।

यस डिजिटल पार्श्वचित्रलाई समयमै तयार गर्न योगदान पुर्‍याउने नगर कार्यपालिकाका सम्पूर्ण जनप्रतिनिधि, न.पा.का. प्रमुख प्रशासकीय अधिकृत एवं कर्मचारीहरू, वडा तहमा महत्वपूर्ण जिम्मेवारी पूरा गर्ने कर्मचारी लगायत तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण नागरिक, संघसंस्था तथा छलफलमा सहभागी सबैमा नगरपालिकाको तर्फबाट विशेष आभार प्रकट गर्न चाहन्छु । आजको युग सुहाउँदो स्मार्ट प्रविधिलाई यस नगरपालिकाको विशिष्टतासँग जोडेर प्रोफाइल निर्माणमा प्राविधिक सहयोग पुर्‍याउनु हुने पूर्णिमा कार्यक्रमका श्री सन्तोष विष्ट, श्रीमती सीमा रजौरिया, श्री सरोज श्रेष्ठ, श्री कमल खनाल तथा परामर्शदाता सेमिड नेपाल (CEMID, Nepal) का विज्ञहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अन्तमा समग्र नगरपालिकाको विकासको मार्गचित्र कोर्न तथा योजना कार्यान्वयन र अनुमगन गर्न यो डिजिटल पार्श्वचित्र सहयोगी बनोस् र दीर्घकालीन सोचका साथ अगाडि बढ्न हामी सबैलाई आवश्यक आधार प्राप्त होस् भन्ने शुभेच्छा प्रकट गर्दछु ।

............................

राजेन्द्र रमण खनाल

प्रमुख

# बेलकोटगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बाघखोर, नुवाकोट
### बागमती प्रदेश, नेपाल

### मेरो दुई शब्द

नगरपालिकाको दीर्घकालीन सोच अनुसार नगरलाई समृद्ध बनाउन आवधिक मार्गचित्रका रूपमा आवधिक नगर विकास योजना निर्माण गर्ने कामको पूर्व तयारीका रूपमा यो नगर पार्श्वचित्र तयार गरिएको छ। यस पार्श्वचित्रले समेटेका विषयगत विवरण तथा सूचनालाई स्थलगत सर्वेक्षण तथा अन्य निकायको सूचनाको स्रोतमा समेत आधारित भई तयार गरिएको छ। सूचनामा आधारित योजना निर्माण तथा कार्यान्वयन प्रक्रियालाई अभ्यासमा ल्याउन समेत यस पार्श्वचित्रले आवश्यक आधार तयार गरेको छ।

नगर क्षेत्रको जनसंख्या, भौगोलिक अवस्था, हावापानी, आर्थिक तथा सामाजिक विकासको विद्यमान अवस्था, पूर्वाधार निर्माणको अवस्था झल्काउने विवरण तथा सूचना यस पार्श्वचित्रले बृहत् रूपमा समेटेको छ। यस पार्श्वचित्रले नगरपालिकाको अध्ययन गर्न चाहने वा जानकारी लिन चाहने विद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणकर्ता तथा आम नगरपालिकावासीलाई सूचना प्रदान गर्न सहयोग पुग्ने छ भन्ने मैले आशा लिएको छु।

प्रस्तुत पार्श्वचित्र तयारी गर्ने सिलसिलामा तथ्याङ्क संकलन गर्न प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग तथा सहजीकण गर्नु हुने जनप्रतिनिधि, सम्पूर्ण जनसमुदाय, संघ/संस्था, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत एवं शुरुदेखि तथ्याङ्क संकलन, प्रशोधन तथा विश्लेष सहित पार्श्वचित्रलाई यो स्वरूप दिन प्राविधिक सहयोग पुऱ्याउनु हुने पूर्णिमा कार्यक्रमका श्री सन्तोष विष्ट, श्रीमति सीमा रजौरिया, श्री सरोज श्रेष्ठ, श्री कमल खनाल तथा परामर्शदाता सेमिड नेपाल (CEMID, Nepal) का विज्ञहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

अन्तमा समग्र नगरपालिकाको आवधिक विकास योजना निर्माण गर्न, निर्धारित लक्ष्यहरू प्राप्त गर्नका निमित्त आवश्यक योजनाको कार्यान्वयन तथा अनुगमन गर्न समेत यो पार्श्वचित्र सहयोगी बन्ने विश्वास लिएको छु।

..................
कविता ढुङ्गाना
उपप्रमुख

# बेलकोटगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बाघखोर, नुवाकोट
### बागमती प्रदेश, नेपाल

## मेरो भन्नु

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ च, ड र थ ले गरेको व्यवस्थामा नगरको जनसांख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकांक, राजस्व तथा आयव्यय समेतको तथ्याङ्क संकलन र प्रशोधन गरी राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आबद्धता र पार्श्वचित्र तथा स्रोत नक्साको अद्यावधिक अभिलेखनलाई नगरपालिकाको काम कर्तव्य र अधिकार भनी उल्लेख गरिएको छ।

संविधान प्रदत्त जिम्मेवारीलाई योजनाबद्ध रूपमा व्यवस्थापन गर्ने सिलसिलामा नगरपालिकाले नगर विकास योजना निर्माण गर्न आवश्यकछ। आवधिक नगर विकास योजनाको निर्माणलाई वस्तुगत आधार प्रदान गर्न यो नगर पार्श्वचित्र तयार गरिएको छ। नगरको वस्तुस्थिति झल्काउने वस्तुगत विवरण तथा विश्लेषण सहितको यस पार्श्वचित्रबाट दीर्घकालीन आवधिक विकास योजना, मध्यमकालीन खर्च योजना र वार्षिक योजनाको निर्माणलाई वैज्ञानिक तथा वस्तुपरक बनाउन मद्दत पुग्ने देखिन्छ। योजनाहरूको निरन्तर अनुगमन एवं मूल्याङ्कनका लागि समेत यस पार्श्वचित्रबाट आधार तयार भएको छ। धरातलीय यथार्थतामा आधारित भई योजना निर्माण गर्न नसकिएमा जनताले स्थानीय तहबाट राखेका अपेक्षा प्रभावकारी रूपमा पूरा गर्न सहज हुँदैन। यस पृष्ठभूमिमा वर्तमानका हाम्रा धरातलीय, सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाको पहिचान गरी भविष्यमा हासिल गर्न सकिने लक्ष्य तय गर्न समेत यो डिजिटल पार्श्वचित्र सहायक हुन सक्दछ।

बेलकोटगढी नगरपालिकालाई वुझ्ने तथा अध्ययन गर्ने जो कोहीले पनि यस नगरपालिकाको वर्तमान अवस्थाको सहज रूपमा आकलन तथा विश्लेषण गर्न यस पार्श्वचित्रबाट मद्दत पुग्न सक्ने देखिन्छ। यस पार्श्वचित्र तयारीको क्रममा आफ्नो महत्वपूर्ण समय प्रदान गर्नु हुने नगरपालिका प्रमुखज्यू, उपप्रमुखज्यू, वडाका जनप्रतिनिधिज्यूहरू, सम्पूर्ण कर्मचारी साथीहरू अन्य संघसंस्थाका प्रमुख एवं कर्मचारीहरू र पार्श्वचित्रलाई यो स्वरूप दिन सहयोग पुऱ्याउनु हुने पूर्णिमा कार्यक्रमका श्री सन्तोष विष्ट, श्रीमती सीमा रजौरिया, श्री सरोज श्रेष्ठ, श्री कमल खनाल तथा परामर्शदाता सेमिड नेपाल (CEMID, Nepal) का विज्ञहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु। अन्तमा, यो पार्श्वचित्र आफ्नो उद्देश्य प्राप्तिमा सफल रहोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु।

..........................

दीपकप्रसाद खतिवडा

प्रमुख प्रशासकीय अधिकृत

## विषयसूची


**परिच्छेद एक : परिचय** १

१.१ पृष्ठभूमि १

१.२ उद्देश्य १

१.३ कानुनी तथा नीतिगत आधारहरू १

१.४ वस्तुगत विवरणको महत्व तथा औचित्य २

१.५ अध्ययन विधि ३

१.६ अध्ययनको सीमा ४

**परिच्छेद दुई : भौगोलिक अवस्था** ५

२.१ भौगोलिक अवस्थिति, क्षेत्रफल र सिमाना ५

२.२ राजनीतिक र प्रशासनिक विभाजन ५

२.३ भू-क्षेत्र (टोपोग्राफी, भिरालोपन) ६

२.४ भूउपयोगको अवस्था ६

२.५ जलवायु ७

२.६ जलस्रोत वनजंगल तथा अन्य प्राकृतिक स्रोत साधन ७

२.७ जलस्रोत तथा सिँचाइ सम्बन्धी केही महत्वपूर्ण सूचकहरू ८

**परिच्छेद तीन : जनसंख्या** १०

३.१ व्यक्तिगत तथा घरधुरी सर्वेक्षण विवरण १०

३.१.१ घरपरिवारको संख्या १०

३.१.२ लिंग तथा मातृभाषा अनुसारको जनसंख्या विवरण १०

३.१.३ लिंग र उमेर समूहका आधारमा जनसंख्यासम्बन्धी विवरण ११

३.१.४ वैवाहिक अवस्था सम्बन्धी विवरण १२

३.२ जनसंख्याको विश्लेषण (खण्डीकृत तथ्यांक सहित) जस्तै प्रजनन दर, मृत्यु र बसाइँ सराइ १३

३.२.१ लैंगिक आधारमा जनसंख्याको बनावट १३

३.२.२ मृत्य दर १४

३.२.३ जनसंख्या वृद्धि १५

३.२.४ जातजाति १५

३.२.५ मातृभाषा १६

३.२.६ धर्म १७

३.२.७ बसोबासको अवस्था १९

३.२.८ वडा अनुसार परिचयपत्र पाउनेहरूको विवरण २०

३.२.९ वडा अनुसार अपांगता परिचयपत्र पाउनेहरूको विवरण २०

३.२.१० वडा अनुसार अपांगता सम्बन्धी विवरण २१

३.२.११ जनसंख्या सम्बन्धी केही महत्वपूर्ण सूचकहरू २२

**परिच्छेद चार : आर्थिक अवस्था** २३

४.१ अर्थतन्त्रको संरचना २३

४.२ कृषि तथा पशुपालन २३

४.३ खाद्य सुरक्षाको अवस्था ३२

४.४ उद्योग र व्यापार ३३

४.५ पर्यटन ३४

४.६ वित्तीय पहुँच ३५
४.७ श्रमशक्ति र रोजगारीको अवस्था ३६
४.८ औसतमा विप्रेषण दर ३८
४.९ सीपयुक्त जनशक्ति ३८
४.१० आम्दानी र खर्च ३९
४.११ भवन तथा आवासको अवस्था ४१
४.१२ वडागत आधारमा घर निर्माणको विवरण ४३
४.१३ घरको स्वामित्व सम्बन्धी विवरण ४५
४.१४ हालको बसोबासको अवस्था ४६
४.१५ आधुनिक उपकरणको प्रयोगको अवस्था ४७
४.१६ आधारभूत स्वास्थ्य सेवामा पहुँचको अवस्था ४८
४.१७ कोरोना र स्थानीय अर्थतन्त्रमा परेको प्रभाव ४९
४.१८ नगरपालिकाको अर्थतन्त्रको विशिष्टीकरण ५१
४.१९ आर्थिक क्षेत्रसँग सम्बन्धित केही प्रमुख सूचकहरू ५१

**परिच्छेद पाँच : भौतिक पूर्वाधारको स्थिति** ५१

५.१ सडक यातायात ५२
५.२ सूचना प्रविधि तथा सञ्चार क्षेत्रको अवस्था ५९
५.३ विद्युत् तथा वैकल्पिक ऊर्जाको अवस्था ५९
५.४ सिँचाइ तथा नदी नियन्त्रण ६०
५.५ भवन आवास बस्ती विकास तथा सामाजिक पूर्वाधार ६०
५.६ भूकम्प र पुनर्निर्माण ६१
५.७ भौतिक पूर्वाधारसँग सम्बन्धित केही महत्वपूर्ण सूचकहरू ६१

**परिच्छेद छ : सामाजिक विकास** ६३

६.१ शिक्षा ६३
- ६.१.१ साक्षरता सम्बन्धी विवरण ६३
- ६.१.२ विद्यालयमा शौचालयको विवरण ६४
- ६.१.३ शैक्षिक क्षेत्रसँग सम्बन्धित केही महत्वपूर्ण सूचकहरू ६४

६.२ स्वास्थ्य ६६
- ६.२.१ सामान्य रोग सम्बन्धी विवरण ६६
- ६.२.२ विशिष्ट रोग सम्बन्धी विवरण ६७
- ६.२.३ स्वास्थ्य केन्द्रसम्मको पहुँच ६८
- ६.२.४ स्वास्थ्यका केही सूचकहरू ६९

६.३ खानेपानी ६९
६.४ सरसफाइ तथा फोहरमैला ७०
६.५ युवा तथा खेलखुद ७२
६.६ लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) ७३
६.७ खानेपानी तथा सरसफाइ क्षेत्रका केही महत्वपूर्ण सूचकहरू ७४

**परिच्छेद सात : वन, वातावरण तथा जलवायु परिवर्तनको स्थिति** ७५

७.१ वन तथा भूसंरक्षण ७५
- ७.४.१ सामुदायिक वनको विवरण ७५

७.४.२ निजी वनको विवरण ७७
७.४.३ वन व्यवस्थाको आगामी प्रयास (सम्भावना) ७७
७.२ वन पैदावार ७८
७.३ वन क्षेत्रका केही सूचकहरू ७९
७.४ जलवायु परिवर्तन तथा वातावरण संरक्षण ७९
७.५ प्राकृतिक प्रकोपको अवस्था ८०
७.५.१ जोखिमपूर्ण आवास ७९
७.५.२ भूक्षय, बाढी पहिरो तथा जोखिमको अवस्था ८१
७.६ प्राकृतिक प्रकोप सम्बन्धी केही सूचकहरू ८२
**परिच्छेद आठ : संस्थागत सुशासन** ८३
८.१ नगरपालिकाको संगठनात्मक संरचना ८३
८.२ नगर कार्यपालिका र नगर सभाका पदाधिकारीहरू ८३
८.३ सुशासनको अवस्था ८४
८.३.१ संस्थागत स्वरूप (कानून तथा कार्यविधि, मापदण्ड) ८४
८.३.२ अनुगमन तथा मूल्यांकन (संस्थागत व्यवस्था, प्रणाली, समीक्षा, लिसा कार्यक्रम) ८४
८.३.३ आवधिक तथा क्षेत्रगत योजनाको निर्माण ८५
८.३.४ सहभागितामूलक योजना तर्जुमा प्रणालीको अवलम्बन ८५
८.३.५ कार्यरत कर्मचारीको विवरण ८५
८.३.६ संस्थागत तथा सुशासन क्षेत्रको केही महत्वपूर्ण सूचकहरू ८६
सन्दर्भ सामग्री ९१
अनुसूची १. जनप्रतिनिधिहरूको नामावली ९२
अनुसूची २. प्रशासनिक विभाजन ९४
अनुसूची ३. जनसंख्याको वितरण ९४
अनुसूची ४. जनसंख्याको घनत्व ९५
अनुसूची ५. साक्षरताको वितरण सम्बन्धी अवस्था ९५
अनुसूची ६. स्वास्थ्य केन्द्रसम्मको पहुँचको अवस्था ९६
अनुसूची ७. शैक्षिक संस्थाहरूको वितरण सम्बन्धी अवस्था ९६
अनुसूची ८. गरिबीको भौगोलिक वितरण सम्बन्धी अवस्था ९७
अनुसूची ९. कृषिमा संलग्न परिवारहरूको वितरण सम्बन्धी अवस्था ९७
अनुसूची १०. स्वास्थ्य सेवाको वितरण सम्बन्धी अवस्था ९८
अनुसूची ११. सडकको अवस्था ९८
अनुसूची १२. संघ संस्थाहरूको वितरण सम्बन्धी अवस्था ९९
अनुसूची १३. ऐतिहासिक सम्पदाहरूको अवस्थिति सम्बन्धी अवस्था ९९
अनुसूची १४. पर्यटकीय महत्वका स्थानहरू सम्बन्धी अवस्था ९९
अनुसूची १५. मुख्य बस्ती तथा स्थानहरू सम्बन्धी अवस्था ९९
अनुसूची १६. शहरी विस्तारका लागि उपयुक्त स्थानहरू सम्बन्धी अवस्था १००
अनुसूची १७. बेरोजगारीको सघनता सम्बन्धी अवस्था १००
अनुसूची १८. उद्योग, व्यवसायको विस्तार सम्बन्धी अवस्था १०१
अनुसूची १९. वित्तीय संस्थाहरूको वितरण सम्बन्धी अवस्था १०१
अनुसूची २०. प्रमुख पुल पुलेसाहरूको वितरण सम्बन्धी अवस्था १०२

अनुसूची २१. समुच्च रेखा (कन्टुर लाइन) सम्बन्धी नक्शा १०२
अनुसूची २२. दिशा उन्मुख (आसपेक्ट) सम्बन्धी नक्शा १०३
अनुसूची २३. स्लोप सम्बन्धी नक्सा १०३
अनुसूची २४. विद्यमान भूउपयोग सम्बन्धी नक्सा १०४
अनुसूची २५. जमिनको उचाइ सम्बन्धी नक्सा १०४
अनुसूची २६. वर्षाको कारण जाने पहिरोको अवस्था सम्बन्धी नक्सा १०५
अनुसूची २७. भौगर्भिक अवस्थाको कारण जाने पहिरोको अवस्था सम्बन्धी नक्सा १०५
अनुसूची २८. भौगर्भिक जोखिमको अवस्था सम्बन्धी विवरण १०६
अनुसूची २९. भूकम्पीय जोखिमको अवस्था सम्बन्धी विवरण १०६
अनुसूची ३०. बहुजोखिमको अवस्था सम्बन्धी विवरण १०७
अनुसूची ३१. विपद् व्यवस्थापनका लागि खुला क्षेत्रको अवस्था सम्बन्धी विवरण १०७
अनुसूची ३२. प्राथमिकताका योजनाहरू १०७

## तालिका सूची

तालिका १ : नगरपालिकाको अवस्थिति तथा पहुँच ५
तालिका २ : नगरपालिकाको पुनर्संरचना ६
तालिका ३ : प्राकृतिक स्रोतसम्बन्धी विस्तृत विवरण ८
तालिका ४ : प्रमुख प्राकृतिक स्रोतहरूको उपलब्धता ८
तालिका ५ : सिँचाइ सम्बन्धी केही सूचकहरू ८
तालिका ६ : मातृभाषा वोल्ने जनसंख्या १०
तालिका ७ : लिंग र उमेर समूहका आधारमा जनसंख्याको विवरण ११
तालिका ८ : वडागत आधारमा वैवाहिक अवस्था सम्बन्धी विवरण १३
तालिका ९ : वडागत तथा लैंगिक आधारमा जनसङख्याको विवरण १३
तालिका १० : गत एक वर्षमा मृत्यु भएको विवरण १४
तालिका ११ : जातजातिको आधारमा जनसंख्याको वडागत विवरण १६
तालिका १२ : भाषाभाषीहरूको वडागत विवरण १७
तालिका १३ : वडा अनुसार विभिन्न धर्मावलम्बीहरूको विवरण १८
तालिका १४ : बसोबासको वडागत विवरण १९
तालिका १५ : वडागत रूपमा परिचयपत्र पाउने व्यक्तिका विवरण २०
तालिका १६ : वडा अनुसार अपाङ्गता परिचयपत्र पाउनेहरूको विवरण २१
तालिका १७ : वडा अनुसार अपांगता सम्बन्धी विवरण २१
तालिका १८ : वडा अनुसार अपांगता सम्बन्धी विवरण २२
तालिका १९ : खेतीमा संलग्न घरधुरी सम्बन्धी वडागत विवरण २३
तालिका २० : वडागत रूपमा प्रतिव्यक्तिको स्वामित्वमा रहेको जमिनको क्षेत्रफल २४
तालिका २१ : वडागत आधारमा कृषि उत्पादन सम्बन्धी विवरण २५
तालिका २२ : पशुपालन सम्बन्धी वडागत विवरण ३०
तालिका २३ : पशुपालन सम्बन्धी वडागत विवरण ३१
तालिका २४ : खाद्यमा आत्मनिर्भर घरधुरी सम्बन्धी वडागत विवरण ३२
तालिका २५ : धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरूको विवरण ३४

तालिका २६ : वडागत आधारमा बैंकमा खाता भएका परिवार विवरण ३५
तालिका २७ : विभिन्न पेशामा आबद्ध जनसंख्या ३७
तालिका २८ : वडागत आधारमा सीपयुक्त जनसंख्या सम्बन्धी विवरण ३८
तालिका २९ : आम्दानी समूह अनुसार वडागत घरधुरीको विवरण ३९
तालिका ३० : खर्च समूह अनुसार वडागत घरधुरीको विवरण ४०
तालिका ३१ : आवासको किसिम अनुसार वडागत घरधुरीको विवरण ४१
तालिका ३२ : छानाको प्रकार अनुसार घरको वडागत विवरण ४२
तालिका ३३ : वडागत आधारमा घर निर्माणको किसिम ४३
तालिका ३४ : घर निर्माण गर्दा मापदण्ड पालना भए नभएको अवस्था सम्बन्धी विवरण ४४
तालिका ३५ : घरको स्वामित्व सम्बन्धी वडागत विवरण ४५
तालिका ३६ : हालको बसोबास सम्बन्धी वडागत विवरण ४६
तालिका ३७ : आधुनिक साधन (उपकरण) प्रयोगकर्ताको वडागत विवरण ४७
तालिका ३८ : वडा अनुसार स्वास्थ्य सुविधामा जनताको पहुँच सम्बन्धी अभिमत ४८
तालिका ३९ : वडागत रूपमा नजिकको स्वास्थ्य केन्द्रमा पुग्न लाग्ने समय ४९
तालिका ४० : कोभिड- १९ को शैक्षिक क्षेत्रमा परेको प्रभाव सम्बन्धी विवरण ५०
तालिका ४१ : आर्थिक क्षेत्रका केही सूचकहरू ५१
तालिका ४२ : सडकको पहुँचमा रहेका घरधुरीहरू ५२
तालिका ४३ : वडा अनुसार इन्धनको प्रयोग ६०
तालिका ४४ : लैंगिक आधारमा साक्षरता सम्बन्धी विवरण ६३
तालिका ४५ : शैक्षिक क्षेत्रका केही सूचकहरू ६४
तालिका ४६ : रोग सम्बन्धी विवरण ६६
तालिका ४७ : वडा अनुसार विशिष्ट प्रकारका रोगीको विवरण ६७
तालिका ४८ : नजिकको स्वास्थ्य केन्द्रमा पुग्न लाग्ने समय ६८
तालिका ४९ : नजिकको स्वास्थ्य केन्द्रमा पुग्न लाग्ने समय ६९
तालिका ५० : खानेपानीको स्रोतको आधारमा जनसंख्याको वडागत विवरण ७०
तालिका ५१ : शौचालय सम्बन्धी विवरण ७१
तालिका ५२ : फोहरमैला व्यवस्थापन सम्बन्धी वडागत विवरण ७२
तालिका ५३ : सामाजिक समावेशीकरण सम्बन्धी विवरण ७३
तालिका ५४ : वडागत रूपमा सहकारी संस्थामा संलग्न महिला परिवार ७३
तालिका ५५ : खानेपानी तथा सरसफाइ क्षेत्रका केही सूचकहरू ७४
तालिका ५६ : सामुदायिक वनहरूको विववरण ७५
तालिका ५७ : निजी वनहरूको विववरण ७७
तालिका ५८ : खोटो उत्पादनको उत्पादनको विद्यमान अवस्था तथा अनुमान सम्बन्धी विवरण ७८
तालिका ५९ : काष्ठ उद्योगको विवरण ७८
तालिका ६० : वन क्षेत्रका केही सूचकहरू ७९
तालिका ६१ : वडागत रूपमा प्राकृतिक प्रकोपको जोखिम ८०
तालिका ६२ : पहिरोबाट प्रभावित घरधुरी ८१
तालिका ६३ : प्राकृतिक प्रकोप सम्बन्धी केही सूचकहरू ८२
तालिका ६४ : गाउँपालिकाको संगठन संरचना ८३
तालिका ६६ : कार्यरत कर्मचारीका विवरण ८६
तालिका ६६ : संस्थागत तथा सुशासन क्षेत्रको केही महत्वपूर्ण सूचकहरू ८७

**चित्र सूची**


| | |
|---|---|
| चित्र १ : बेलकोटगढी नगरपालिकाको नक्सा | ५ |
| चित्र २ : भूउपयोगको अवस्था | ६ |
| चित्र ३ : वडा अनुसार घरधुरी | १० |
| चित्र ४ : मातृ भाषा बोल्ने जनसंख्या | ११ |
| चित्र ५ : उमेर समूह अनुसार वडागत रूपमा जनसंख्या | १२ |
| चित्र ६ : वैवाहिक अवस्था सम्बन्धी विवरण | १३ |
| चित्र ७ : लैंगिक आधारमा जनसङ्ख्याको विवरण | १४ |
| चित्र ८ : विगत एक वर्षमा भएको मृत्यु सम्बन्धी विवरण | १५ |
| चित्र ९ : जनसंख्या वृद्धिको प्रवृति | १५ |
| चित्र १० : जातजातिको आधारमा जनसङ्ख्याको विवरण | १६ |
| चित्र ११ : विभिन्न भाषाभाषीहरूको सम्मिश्रण | १७ |
| चित्र १२ : विभिन्न धर्मावलम्बीहरूको सम्मिश्रण | १८ |
| चित्र १३ : बसोबासको विवरण | १९ |
| चित्र १४ : परिचयपत्र पाउने व्यक्तिका विवरण | २० |
| चित्र १५ : लैंगिक आधारमा अपांगता सम्बन्धी विवरण | २१ |
| चित्र १६ : खेतीमा संलग्न हुने घरधुरी सम्बन्धी विवरण | २४ |
| चित्र १७ : प्रतिव्यक्तिको स्वामित्वमा रहेको जमीनको क्षेत्रफल | २५ |
| चित्र १८ : कृषि उत्पादन  तथा बिक्री सम्बन्धी विवरण | ३० |
| चित्र १९ : पशुजन्य उत्पादन तथा बिक्री सम्बन्धी वडागत विवरण | ३१ |
| चित्र २० : पशुजन्य उत्पादन तथा बिक्री सम्बन्धी विवरण | ३२ |
| चित्र २१ : खाद्यमा आत्मनिर्भरता घरधुरी | ३३ |
| चित्र २२ : बैक खाता भए नभएको घरपरिवार विवरण | ३६ |
| चित्र २३ : विभिन्न पेशा समूहमा आबद्ध जनसंख्या सम्बन्धी विवरण | ३७ |
| चित्र २४ : पेशा अनुसार सीपयुक्त जनसंख्या सम्बन्धी विवरण | ३९ |
| चित्र २५ : आम्दानी समूह अनुसार घरधुरीको विवरण | ४० |
| चित्र २६ : खर्च समूह अनुसार घरधुरीको विवरण | ४१ |
| चित्र २७ : आवासको किसिम अनुसार घरधुरीको विवरण | ४२ |
| चित्र २८ : छानाको प्रकार अनुसार विवरण | ४३ |
| चित्र २९ : घर निर्माणको किसिम | ४४ |
| चित्र ३० : घर निर्माणको मापदण्डको पालना | ४५ |
| चित्र ३१ : घरको स्वामित्व सम्बन्धी विवरण | ४६ |
| चित्र ३२ : आधुनिक साधन (उपकरण) प्रयोगकर्ताको विवरण | ४७ |
| चित्र ३३ : महामारीको अवधिमा स्वास्थ्य सेवामा पहुँच | ४८ |
| चित्र ३४ : नजिकको स्वास्थ्य केन्द्रमा पुग्न लाग्ने समय | ४९ |
| चित्र ३५ : कोभिड-१९ को शैक्षिक क्षेत्रमा परेको प्रभाव सम्बन्धी विवरण | ५० |
| चित्र ३६ : वडागत रूपमा सडकको पहुँचको अवस्था | ५३ |
| चित्र ३७ : विभिन्न प्रकारको इन्धनको प्रयोग सम्बन्धी विवरण | ६० |
| चित्र ३८ : शैक्षिक तहगत अनुसार साक्षरताको विवरण | 63 |
| चित्र ३९ : सामान्य रोग र रोगीको विवरण | ६७ |

चित्र ४० : नजिकको स्वास्थ्य केन्द्रमा पुग्न लाग्ने समय ६८
चित्र ४१ : खानेपानीका स्रोतहरू ६९
चित्र ४२ : सरसफाइमा पहुँचको अवस्था ७०
चित्र ४३ : फोहरमैला व्यवस्थापन सम्बन्धी विवरण ७१
चित्र ४४ : घर परिवारमा गरिने निर्णयको विषय तथा निर्णयकर्ता ७३
चित्र ४५ : वडागत रूपमा प्राकृतिक प्रकोपको जोखिम ८१

# परिच्छेद- एक
# परिचय

बेलकोटगढी नगरपालिकाको आवधिक विकास योजना निर्माणको क्रममा यो नगर पार्श्वचित्र तयार गरिएको छ। नगरपालिकाको भौगोलिक, जनसाङ्खिक, सामाजिक, आर्थिक र पूर्वाधार लगायतका क्षेत्रको विद्यमान वस्तुस्थिति सम्बन्धी विवरण यस पार्श्वचित्रमा समावेश गरिएको छ। यस परिचय परिच्छेदमा वस्तुगत विवरण तयारीको पृष्ठभूमि, उद्देश्य, नीतिगत तथा कानूनी आधार, तयारी विधि र अध्ययनको सीमाबारे उल्लेख गरिएको छ।

## १.१ पृष्ठभूमि

मुलुक संघीय प्रणालीमा अगाडि बढ्दै गर्दा जनताले प्राप्त गर्ने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाउन आवश्यक छ। यस कार्यका लागि सूचनामा आधारित योजना तर्जुमा तथा निर्णय प्रक्रियाको ठूलो भूमिका रहन्छ। नेपालको संविधानले संघीय लोकतान्त्रिक शासन व्यवस्था अनुरूप जनताको सबैभन्दा नजिकको सरकारको रूपमा स्थानीय तहको व्यवस्था गरेको छ। संविधानको व्यवस्था अनुसार स्थानीय तहको स्वायत्तताको उच्चतम अभ्यास तथा विकेन्द्रीकरणको माध्यमद्वारा स्थानीय शासनमा सहभागिता, जवाफदेहिता, पारदर्शिता र उत्तरदायित्व कायम गरी सेवा प्रवाहमा प्रभावकारितासँगै विकास प्रक्रियालाई द्रुततर तुल्याई जनअपेक्षाको सम्बोधन गर्ने ऐतिहासिक जिम्मेवारी स्थानीय सरकारको काँधमा आएको छ। सहकारिता, समन्वय र सहअस्तित्वका आधारमा सञ्चालन हुने स्थानीय शासन प्रक्रियामा जनसहभागिता र साझेदारीको मर्मलाई समेत उच्च महत्व दिइएको छ।

यस नगर पार्श्वचित्रमा समावेश हुने वस्तुगत विवरणले नगरपालिकामा तर्जुमा हुने आवधिक विकासका योजनाका लागि सूचनाको आधार तयार गर्न महत्वपूर्ण सहयोग पुग्नेछ। उपलब्ध कानूनी तथा नीतिगत व्यवस्थाका साथै सरोकारवालासँगको परामर्श र विगतका सफल अभ्यासको आधारमा तयार गरिएको वस्तुगत विवरणले नगरपालिकाको सेवा प्रवाह, आन्तरिक स्रोत परिचालन तथा योजनावद्ध विकासमा टेवा पुऱ्याउनेछ। सहरी सेवा प्रवाहमा चुस्तता ल्याउन र नगरको विकास प्रक्रियालाई यथोचित गति प्रदान गर्न खण्डीकृत र क्षेत्रगत सूचना सहितको नगरपालिकाको वस्तुगत विवरण तयारी गर्न जरुरी हुन्छ।

## १.२ उद्देश्य

नगरपालिका क्षेत्रको विकासको विद्यमान अवस्था, सम्भावना र स्रोतको सम्बन्धमा आवश्यक तथ्याङ्क तथा सूचना व्यवस्थापन गर्नका निमित्त नगरपालिकाको समग्र स्थिति झल्किने वस्तुगत विवरण उपलब्ध गराउनु यस पार्श्वचित्रको प्रमुख उद्देश्य हो। यस पार्श्वचित्रका विशिष्ट उद्देश्यहरू देहाय बमोजिम छन्।

(क) स्थलगत रूपमा घरदैलो सर्वेक्षण गरी नगरपालिकाको जनसांख्यिक, भू-जैविक, भौतिक, मानवीय, आर्थिक, सामाजिक, वातावरणीय र संस्थागत क्षेत्रको विषयगत र वस्तुगत विवरण उपलब्ध गराउने।

(ख) नगरपालिकाको विषयगत कार्यालय/शाखा, संघ/संस्थाको विवरण, अध्ययन, सर्वेक्षण तथा प्रगति प्रतिवेदनबाट प्राप्त आधारभूत तथा संस्थागत तथ्याङ्क एकीकृत र विश्लेषण गरी विषयगत रूपमा नगरको एकीकृत वस्तुगत विवरण उपलब्ध गराउने।

(ग) नगरपालिकाको सेवा प्रवाह, स्थानीय राजस्वको आधार र दर निर्धारण र विकास निर्माण कार्यका लागि आवश्यक वस्तुगत तथा विषयगत सूचना उपलब्ध गराउने।

(घ) नगरपालिकाको एकीकृत आवधिक विकास योजना, मध्यमकालिन खर्च योजना, वार्षिक कार्यक्रम तर्जुमा र अनुगमन तथा मूल्याङ्कनको लागि विषयगत र खण्डीकृत विवरण तयार गर्ने।

## १.३ कानुनी तथा नीतिगत आधारहरू

नगरपालिकाको वस्तुगत विवरण तयारी सम्बन्धी कार्यलाई चरणबद्ध र व्यवस्थित रूपमा सञ्चालन गर्न देहाय बमोजिमका कानूनी तथा नीतिगत आधारहरू रहेका छन्।

क. संविधानमा स्थानीय तहको एकल अधिकार उल्लेख गरिएको अनुसूची–८ को क्रम संख्या नम्बर ६ मा स्थानीय तथ्याङ्क तथा अभिलेख संकलन सम्बन्धी अधिकारलाई सूचीकृत गरिएको छ ।

ख. नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको व्यवस्थालाई नेपाल सरकारले कार्य विस्तृतीकरण सम्बन्धी प्रतिवेदनमा स्थानीय तहको अधिकारलाई थप व्याख्या गरेको छ । यस प्रावधानमा स्थानीय तहको तथ्याङ्कीय अभिलेख व्यवस्थापन र स्थानीय तहका सम्भाव्य प्राकृतिक स्रोत र साधनको अभिलेख (प्रोफाइल) तयार गर्ने कुरा उल्लेख छ ।

ग. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ यस ऐनको दफा ११ को उपदफा २ च, ड र थ मा नगरपालिका वा नगरपालिकाको अधिकार क्षेत्र अन्तर्गत तथ्याङ्क संकलन र अद्यावधिक गर्ने सम्बन्धी व्यवस्था गरेको छ । उल्लिखित व्यवस्था अन्तर्गत, जनसांख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल गार्हस्थ उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकांक, राजस्व तथा आयव्यय समेतको तथ्याङ्क संकलन र प्रशोधन गरी राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आबद्धता र पार्श्वचित्र तथा स्रोत नक्साको अद्यावधिक अभिलेखनलाई नगरपालिका वा नगरपालिकाको काम कर्तव्य र अधिकार भनी उल्लेख गरिएको छ ।

घ. स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा १ मा "प्रत्येक स्थानीय तहले वार्षिक योजना तथा बजेट तर्जूमा सहभागितामुलक प्रक्रियाबाट नतिजामूलक ढंगले बनाउनुपर्ने र योजना र बजेट तर्जुमा गर्न पूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ वस्तुस्थिति देखिने गरी वस्तुस्थिति विवरण तयार गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । अद्यावधिक वस्तुगत विवरण आफ्नो वेबसाइट मार्फत सार्वजनिक गर्नुपर्नेछ" भनी प्रष्ट रूपमा उल्लेख गरिएको छ ।

यस पार्श्वचित्र मूलतः घरधुरी सर्वेक्षण र विभिन्न निकायहरूवाट संकलन गरिएका प्रतिवेदन तथा डिजिटल डाटाहरू, जिल्ला स्तरका कार्यालयहरूबाट संकलन गरिएका प्रकाशित तथा अप्रकाशित दस्तावेजहरू, नगरपालिका स्तरमा भएका छलफलबाट प्राप्त सूचनाहरूको आधारमा तयार गरिएको छ । साथै पार्श्वचित्रमा समावेश भएका केही विवरणहरूलाई आवश्यकता अनुसार प्रादेशिक र संघीय तथ्याङ्कसंग तुलनात्मक विश्लेषण समेत गरिएको छ ।

## १.४ वस्तुगत विवरणको महत्व तथा औचित्य

विकासको प्रतिफल स्थानीय नागरिक स्तरसम्म पुऱ्याउन एवं आर्थिक तथा सामाजिकक विकास संग सम्बन्धित पूर्वाधाका सुविधाहरू हरेक जनताले उपयोग गर्न सक्ने वातावरण सिर्जना गर्न स्थानीय तहको वास्तविक वस्तुस्थिति र आवश्यकताको पहिचान गर्नु नगरपालिकाको प्रमुख कार्यभार हो । सबै वर्ग, क्षेत्र तथा भूगोलको समयसापेक्ष ढङ्गले समानुपातिक विकास प्रक्रिया अगाडि बढाउन पनि सम्बन्धित क्षेत्रको वस्तुगत र विश्लेषणात्मक अध्ययन महत्वपूर्ण पक्ष हो । यस नगरपालिकाको आवधिक विकास योजना र वार्षिक बजेट तथा कार्यक्रम एवम नीति निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ तयार गरिएको जि.पि.एस.मा आधारित डाइनामिक डिजिटल पार्श्वचित्रले नगरपालिका भित्रको वस्तुस्थिति सम्बन्धी जानकारी सरल र व्यवस्थित रूपमा प्रस्तुत गर्दछ । विभिन्न स्थानको आवश्यकतामा आधारित विकासका कार्यक्रम तथा रणनैतिक योजना तर्जुमा गर्न यस अध्ययनले नगरपालिकालाई सहयोग गर्नुका साथै समावेशी, समानुपातिक र समन्यायिक विकासमा अन्य सरोकारवालाहरूलाई समेत यस नगरपालिकाको वस्तुगत जानकारी प्रदान गर्दछ । प्रस्तुत वस्तुगत विवरण सम्बन्धित क्षेत्रका सङ्घ संस्था, अनुसन्धानकर्ता, योजनाकार, शिक्षाप्रेमी, विकासका चिन्तक, समाजसेवी लगायतका सरोकारवाला महानुभावहरूलाई समेत उपयोगी हुने भएकोले यस पार्श्वचित्रको ठूलो महत्व रहेको कुरा प्रष्ट हुन्छ ।

पूर्वाधार विकासका दृष्टिले कमजोर स्थितिमा रहेको सन्दर्भमा पार्श्वचित्र तयार गर्ने कार्यले विशेष महत्व राख्दछ । यस्तो पार्श्वचित्रमा रहेको अद्यावधिक अभिलेखले नगरपालिकाको वर्तमान अवस्थाको दर्पणको रूपमा काम गर्दछ । यस पार्श्वचित्रमा गरिएको तथ्यको विश्लेषणले नगरपालिकामा उपलब्ध स्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनका निम्ति मार्गदर्शकको काम गर्छ । संविधानले

निर्दिष्ट गरेको सूचनाको हक प्रत्याभूत गर्नु पनि स्थानीय तहको दायित्व भएकोले यसले वस्तुगत विवरणहरूको सँगालोले भूमिका खेल्नेछ । त्यसैले पनि यो वस्तुगत विवरण तयार पार्ने काम औचित्यपूर्ण छ ।

स्थानीय तह आफैंले जनताबाट करहरू सङ्कलन गर्दछन् र त्यसलाई योजनाबद्ध ढङ्गले खर्च गर्न आवश्यक छ । बृहत योजना निर्माणका लागि नगरपालिकाको यथेष्ट सूचनाको उपलब्धता तथा व्यवस्थापन पहिलो शर्त हो । नगरपालिका र तिनको कार्य क्षेत्रभित्र पर्ने विभिन्न प्रकारका गतिविधि तथा वस्तुहरूको सूचना पाउनु जनताको नैसर्गिक अधिकार हो ।

## १.५ अध्ययन विधि

### १.५.१ तथ्यांक संकलन

स्थलगत सर्वेक्षणबाट विवरण संकलन गर्न गणक (सर्वेक्षक) छनौट गरी आवश्यक अभिमुखीकरण गरिएको थियो । सर्वेक्षकहरूले सूचना संकलन गर्ने तथा नक्सा अद्यावधिक गर्ने कार्य गरेको थियो । यस वाहेक आवधिक योजनाका लागि आवश्यक पर्ने विभिन्न संकलित प्रकाशनहरूवाट प्राप्त तथ्याङ्क र विभिन्न संघ संस्था संग गरिएको छलफल समेतका आधारमा वस्तुगत विवरण तथा सूचना संकलन गरिएको थियो ।

### १.५.२ तथ्यांक तालिकीकरण

अभिमुखीकरण प्राप्त सर्वेक्षकहरूबाट ट्याब्लेट वा एण्ड्रोइड फोनमा रहेको कोबो कलेक्ट एप्लिकेशन प्रयोग गरी घरदैलोसम्म पुगी विवरण संकलन गर्ने काम सम्पन्न भएको थियो । यसरी घरधुरी सर्वेक्षण हुने बित्तिकै प्राप्त विवरणलाई अनलाइनमा अपलोड गर्ने व्यवस्था रहेको थियो । यसरी अपलोड गरिएका सङ्कलित तथ्याङ्कलाई रुजु गरी सर्भरमा प्राप्त विवरण सफ्टवेयरको मद्दतबाट गरिएको थियो । कोबो कलेक्ट सफ्टवेयरको प्रयोग गरी घरधुरी सर्वेक्षण तथा तथ्याङ्क रुजु गर्ने काम सँगसँगै गरिएको थियो । प्राथमिक तथा दोस्रो तहका तथ्याङ्क तथा सूचनाहरूलाई सफ्टवेयरको मद्दतले प्रशोधन तथा तालिकीकरण गरी गर्ने कार्य पनि सम्पन्न गरिएको थियो ।

### १.५.३ सूचना विश्लेषण र प्रस्तुतीकरण

सूचनालाई वर्णनात्मक तथ्याङ्कीय विधिबाट विश्लेषण गरिएको छ । प्राथमिक तथ्याङ्कको विश्लेषणका लागि घरधुरीलाई विशेष गरेर प्रशासनिक इकाइ (वडा), जातियता, आर्थिक तथा सामाजिक अवस्था र उमेरको आधारमा वर्गीकरण गरिएको छ भने सहभागितामूलक विधिद्वारा प्राप्त सूचना/तथ्याङ्कलाई पनि विश्लेषण गरी प्राप्त सूचनालाई नक्सा, चित्र र तालिकामा समेत प्रस्तुत गरिएको छ ।

#### क) नक्साङ्कन

विभिन्न स्रोतबाट प्राप्त भएका विवरण तथा सूचनाहरू र स्थलगत रूपमा संकलन गरिएका सूचनाहरूलाई भौगोलिक सूचना प्रणालीको प्रयोग गरी आवश्यक नक्सा तयार गर्ने काम सम्पन्न गरियो । स्रोत नक्सामा मूलतः वडाको सिमाना, भू-उपयोग, मुख्य बस्तीहरू, मुख्य भौतिक संरचनाहरू, सेवा तथा सुविधाको अवस्था आदि प्रष्ट झल्किने गरी भौगोलिक सूचना प्रणालीमा आधारित डिजिटल नक्शा तयार गरिएका छन् ।

#### (ख) तथ्याङ्क को पुनःजाँच

यस पार्श्वचित्रमा समावेश गरिएका विवरणको मुख्य स्रोत घरधुरी सर्वेक्षण र संस्थागत सर्वेक्षण हो । यस वाहेक साविकका नगर विकास समितिहरूले तयार पारेका पार्श्वचित्र र जिल्ला समन्वय समिति, नगरपालिकाका कर्मचारी तथा जनप्रतिनिधिहरू तथा स्थानीय नागरिक समाजका अगुवाहरूसँग गरिएको छलफललाई समेत आधार बनाइएको छ । स्थलगत सर्वेक्षण गर्ने क्रममा मोवाइल एप्सको प्रयोग गरिएको छ भने नगरपालिकाभित्रका विभिन्न संघ संस्थाहरू संगको छलफल तथा ती संस्थाहरूबाट संकलन गरिएको विवरण, स्थानीय समुदायसँगको छलफल तथा अन्तरक्रियाबाट पनि महत्वपूर्ण तथ्याङ्क सङ्कलन गरिएको छ । यसरी प्राप्त विवरण तथा सूचनालाई विषयगत विज्ञहरूबाट रुजु गरिएको थियो ।

यस पार्श्वचित्रमा समावेश गरिएका विवरण तथा सूचनालाई अनुसन्धानात्मक ढङ्गमा प्रस्तुत गरी सूचनाहरूको सत्यतामा अभिवृद्धि गरिएको छ भने यसबाट दोहोरोपन समेत हटेको छ ।

प्राप्त विवरण रुजु गरे पश्चात  विवरणलाई तालिकीकरण र विश्लेषण गरी नगरपालिकाको पार्श्वचित्र तयार पारिएको छ ।

### १.५.४ प्रतिवेदनको प्रमाणीकरण

मस्यौदा पार्श्वचित्रको प्रतिवेदनमा बेलकोटगढी नगरपालिकामा प्रतिनिधि, कर्मचारी तथा विज्ञहरू विच छलफल भई आवश्यक सुझाव एवं पृष्ठपोषण समावेश भएको थियो। प्राप्त आवश्यक सुझावका आधारमा परिमार्जन सहित बेलकोटगढीको पार्श्वचित्रलाई अन्तिम रूप दिइएको छ ।

## १.६ अध्ययनको सीमा

सर्वेक्षणमा केही क्षेत्रगत विस्तृतीकरण समेट्न नसकिनु, विषयगत कार्यालयबाट प्राप्त गरिएका कतिपय विवरण तथा सूचना अद्यावधिक नभएको, कतिपय सूचना वडा नागरिक मञ्च, राजनीतिक दलका प्रतिनिधिहरू तथा अन्य सरोकार पक्षहरूसंग मात्र छलफल गरी संकलन गरिनु जस्ता पक्षहरू पार्श्वचित्र तयारीका सीमा हुन् ।

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नगरपालिकाको वस्तुगत विवरण तयार पार्न दिएको नमूना  ढाँचालाई स्थानीय मौलिकता, भौगोलिक विशिष्टता र सामाजिक संरचनाका आधारमा परिमार्जन गरी प्रश्नावली तयार पारिएको थियो ।

# परिच्छेद- दुई
# भौगोलिक अवस्था

## २.१ भौगोलिक अवस्थिति, क्षेत्रफल र सिमाना

बेलकोटगढीको क्षेत्रफलको विस्तार १५५.६ वर्ग किलोमिटरमा रहेको छ। यस नगरपालिकाको जनसंख्या ४७,६८८ (घरधुरी सर्वेक्षण २०७८) रहेको छ भने नगरपालिकालाई १३ वटा वडामा विभाजन गरिएको छ। यस नगरपालिकाको पूर्वमा ककनी गा.पा., पश्चिममा तारकेश्वर गा.पा. र धादिङ जिल्ला उत्तरमा विदुर न.पा., लिखु गा.पा. र तारकेश्वर गा.पा. र दक्षिणमा धादिङ जिल्ला रहेको छ। ऐतिहासिक प्रसिद्ध गढी बेलकोटगढी, चिम्टेश्वर महादेव जस्ता प्रसिद्ध तीर्थस्थल समेत यसै नगरपालिकामा पर्दछन्। यस नगरपालिकाको उत्तरी भाग राजधानीबाट ४८ कि.मि. र काठमाडौं-गल्छी-त्रिशूलीबाट ८१ कि.मि.रहेको छ।

**चित्र १ : बेलकोटगढी नगरपालिकाको नक्सा**




**तालिका १ : नगरपालिकाको अवस्थिति तथा पहुँच**

| बाट | सम्म | दूरी (कि.मि.) | समय | साधन |
|---|---|---|---|---|
| काठमाडौं-गल्छी-त्रिशूली | नगरपालिकाको कार्यालय | ८१ | ३ | जिप/बाइक |
| काठमाडौं | नगरपालिकाको उत्तरी भाग | ४८ | २ | जिप/बाइक |

## २.२ राजनीतिक र प्रशासनिक विभाजन

नेपालको संविधान, २०७२ को व्यवस्था अनुसार रहेका ७ वटा प्रदेशहरूमध्ये नुवाकोट जिल्ला बागमती प्रदेशमा रहेको छ। यस जिल्ला अन्तर्गत दश गाउँपालिका र दुई नगरपालिका गरी कूल बाह्र स्थानीय तहहरू रहेका छन्। तीनै दुई नगरपालिकाहरूमा एक बेलकोटगढी नगरपालिका पर्दछ।

साविक गा.वि.स. हरू दुईपीपल, रातमाटे, कुमरी, बेलकोट, जिलिङ, मदानपुर (१-६ र ९) समेतलाई समावेश गरी ऐतिहासिक महत्व रहेको बेलकोटगढीको नामबाट यस नगरपालिकाको नामाकरण भएको हो।

**तालिका २ : नगरपालिकाको पुनर्संरचना**[१]

| नयाँ संरचना अनुसारका वडा | समावेश भएका साविक गाविस | साविक वडा नं. |
|---|---|---|
| १. | बेलकोट | ४, ९ |
| २. | कुमरी | ६, ८, ९ |
| ३. | कुमरी | १-४ , ७ |
| ४. | दुईपीपल | ५, ९ |
| " | कुमरी | ५ |
| ५. | दुईपीपल | ३, ४, ६, ८ |
| ६. | दुईपीपल | १, २, ७ |
| ७. | रातमाटे | १-९ |
| ८. | जिलिंग | १-५ |
| ९. | जिलिंग | ६-९ |
| १०. | बेलकोट | १-३ |
| ११. | बेलकोट | ५-८ |
| १२. | मदानपुर | ३-५ |
| १३. | मदानपुर | १, २, ६, ९ |
| | | |

## २.३ भूक्षेत्र (टोपोग्राफ, भिरालोपन)

बेलकोटगढी मध्य पहाडी भागमा पर्ने भएकोले अधिकांश भाग केही भिरालो पहाडी भूभागमा पर्दछ। त्रिशूली नदीको फाँट भने मैदान फाँटको रूपमा रहेको छ।

## २.४ भूउपयोगको अवस्था

बेलकोटगढी नगरपालिकाको भू-उपयोग सम्बन्धी विस्तृत विवरण तलको प्रस्तुत गरिएको छ। गल्छी त्रिशूली सडकमा रहेको महादेवबेंसी फाँटमा बस्ती विकास तीव्र रहेको छ। यस करिडोरमा रहेको फाँटमा कृषिमा रहेको जमिनको भू-उपयोग क्रमशः शहरी बस्तीमा रूपान्तर हुने क्रम तीव्र रहेको छ। नगरपालिकाका अधिकांश वस्तीहरू पहाडी भूभागमा फैलिएको छ।

---

[१] Final District 1-75 Corrected Last for RAJPATRA (mofald.gov.np)

**चित्र २ : भूउपयोगको अवस्था**




## २.५ जलवायु

बेलकोटगढी नगरपालिका बेंसीहरू उष्ण हावापानी र मध्य पहाडी भागहरूमा शीतोष्ण हावापानी रहेको छ। त्रिशूली नदीको किनारामा रहेका महादेव फाँट लगायतका क्षेत्रमा तराईको जस्तै उष्ण हावापानी छ भने क्रमशः उचाई बढ्दै गए अनुसार यस नगरपालिकाका अग्ला चुचुरामा समशीतोष्ण हावापानी रहेको छ। यहाँको हावापानी रेवो, ट्राउट र जलकपुर जस्ता माछाको लागि उपयुक्त रहेको छ।

## २.६ जलस्रोत वनजंगल तथा अन्य प्राकृतिक स्रोत साधन

नेपालका महत्वपूर्ण नदी प्रणालीमा पर्ने त्रिशूली नदी यहाँको भाग्यरेखा हो। यही नदीको किनारमा रहेको महादेववेसी फाँट यस नदीको उपहार हो। वन अनुसन्धान तथा सर्वेक्षण विभाग (२०७४) का अनुसार बेलकोटगढी नगरपालिकाको २५ % भूभाग (३९.५ वर्ग मिटर) बन क्षेत्रले ढाकेको छ।

बेलकोटगढी नगरपालिकामा सर्वयाम दुईवटा बग्ने नदी (त्रिशूली, ताडि) र अन्य २१ वटा मौसमी खोलाहरू ( पाखुरेखोला, रूपसेपानीखोला, अमरेखोला, ग्यालीखोला, जलजलेखोला, कोल्चेखोला, कोल्पुखोला, लौकेखोला, लेदेखोला, पन्चासेखोला, फलाटेखोला, रुम्ताखोला, ठूलोखोला, बेतेनीखोला आदि प्रसस्त खोलाहरू छन्। यस हिसाबले नगरपालिका जलस्रोतमा धनी भए पनि मुख्य नदी त्रिशूली बेलकोट अधिकांश पहाडी जमिनभन्दा तल बग्ने हुनाले सिँचाइको लागि यसको प्रयोग गर्न थप ऊर्जाको आवश्यकता पर्न जाने हुन्छ।

बेलकोटगढी न.पा.मा कृषि योग्य जमिन कुल क्षेत्रफलको ६८.% छ। कुल कृषि योग्य जमिनमध्ये ६३१४.८४ हेक्टर (५७.४६%) सिँचाइ योग्य जमिनको रूपमा रहेको छ। हालसम्म तादी खोला र कोल्पु खोलाबाट मात्रै ३७७ हे. जमिनमा सिँचाइ सुविधा पुगेको छ। अन्य स-साना खोलाहरूबाट र त्रिशूली नदीबाट गरिने लिफ्ट सिँचाइबाट धेरैजसो भागमा सिँचाइ सुविधा पुगेको छ। यस नगरपालिकामा निकै उर्वरायुक्त ठूल्ठूला फाँटहरू नगरपालिकाको लगभग सबै भागमा रहेका छन्। नगरपालिकाको धेरै भाग कृषि योग्य भूमियुक्त भए पनि बेलकोटफाट, कुमरीफाँट, मदानपुर, जिलिङ बेसीफाट, महादेवफाँट, कोल्पुटारफाँटलाई मुख्य फाँटहरूको रूपमा लिइन्छ। यस नगरपालिकाको १३ वटै वडामा ससाना पाइप सिँचाइ, ग्राभिटी प्रणालीका नहर, कुलो, लिफ्ट प्रणालीको झन्डै १०० सिँचाइ प्रणालीहरूबाट सिँचाइ सुविधा उपलब्ध भइरहेको छ।

सञ्चालित यी सिँचाइ प्रणालीहरू व्यवस्थित नहुँदा कहिले सञ्चालन हुने कहिले सञ्चालनमा नआउने भइरहेको देखिन्छ। (स्रोत: नगरपालिकाको आव ०७५/०७६-०७७/७८ योजना तथा कार्यक्रम पुस्तिकामा उल्लेखित

योजनाबटा साभार )। विद्यमान पानीका स्रोतहरू र सञ्चालित सिँचाइ प्रणालीहरूको विस्तृत इन्भेन्ट्री गरेर वडा अनुसार कार्यक्रम बनाई व्यवस्थित गरिएको छैन। यसका साथै नदी किनारका फाँटहरूमा लिफ्ट प्रणालीको सम्भाव्यता अध्ययन गरी त्यसको प्रयोग समेत गर्नुपर्ने देखिन्छ यो कुरा नगरपालिकाको आ.ब.०७७/७८ को वार्षिक नीति तथा कार्यक्रममा समेत उल्लेख भएको छ। ग्राभिटी प्रणालीबाट आवश्यकता अनुसारको पानी उपलब्ध हुन नसक्ने स्थानहरूमा थोपा सिँचाइ, आकाशे पानी संकलन गर्ने पोखरी निर्माण तथा स्प्रिङकल सिँचाइ प्रणालीद्वारा तरकारी खेती तथा करेसाबारीको सिँचाइको व्यवस्था गर्न सकिने देखिन्छ।

**तालिका ३ : प्राकृतिक स्रोतसम्बन्धी विस्तृत विवरण**

यस नगरपालिकामा प्रदेशबाट सञ्चालित सिँचाइ योजनाहरू निम्न बमोजिम छन्।

| क स | सिँचाइ योजनाको नाम | अवस्था |
|---|---|---|
| १ | अमारेखोला सिँचाइ योजना | बहुवर्षीय योजना निर्माणाधीन |
| २ | बेल्कोटाखोला, महादेव रह बडारेटार | बहुवर्षीय योजना निर्माणाधीन |
| ३ | तादीखोला आप्रसाठिली | बहुवर्षीय योजना निर्माणाधीन |
| ४ | नेपालटार खोला | बहुवर्षीय योजना निर्माणाधीन |
| ५ | सिङमोरे मुहान लोके बाराही थोपा | बहुवर्षीय योजना निर्माणाधीन |
| ६ | धनौखोला मुहान धर्ना | बहुवर्षीय योजना निर्माणाधीन |
| ७ | कोल्पुटार सालबसाली योजना | बहुवर्षीय योजना निर्माणाधीन |
| ८ | घोडघाट | बहुवर्षीय योजना निर्माणाधीन |
| ९ | ढाडे सिन्दुर | बहुवर्षीय योजना निर्माणाधीन |

**प्राकृतिक स्रोत:** बेलकोटगढी नगरपालिकाको क्षेत्र अन्तर्गत देहाय बमोजिमका प्राकृतिक स्रोत तथा जैविक विविधताहरू रहेका छन्।

**तालिका ४ : प्रमुख प्राकृतिक स्रोतहरूको उपलब्धता**

| प्राकृतिक स्रोत | स्थान | अवस्था |
|---|---|---|
| १. गिट्टी | त्रिशूली नदी | वातावरणीय योजना सहितको उपयोग |
| २. बालुवा | | वातावरणीय योजना सहितको उपयोग |
| ३. बालुवा | त्रिशूली नदी | वातावरणीय योजना सहितको उपयोग |
| ४. जंगल | ४८ वटा सामुदायिक वन (३४२३.८६ हे), ४ वटा निजी वन (४.५ हे.) | ५२१,३८५.४ घन मि. काठ मौज्दात |
| ५. नदी | त्रिशूली नदी | पर्यटन, सिँचाइ, ऊर्जा आदि क्षेत्रमा उपयोग |
| ६. पर्यटकीय क्षेत्रहरू | गढी, उच्च पहाडी भूभाग | पहिचान, पूर्वाधार विकास र संरक्षण गर्नुपर्ने |

स्रोत : विभिन्न प्रतिवेदनहरू

## २.७जलस्रोत तथा सिँचाइ सम्बन्धी केही महत्वपूर्ण सूचकहरू

जलस्रोत सम्बन्धी केही महत्वपूर्ण सूचकहरू देहाय बमोजिम छन् :

## तालिका ५ : सिँचाइ सम्बन्धी केही सूचकहरू

**(ख) जलस्रोत**

| क्र.सं. | पूर्वाधारको विवरण | एकाइ | हालको अवस्था (परिमाण) |
|---|---|---|---|
| १ | कृषियोग्य जमिन कुल क्षे.फ.को ६८ % (१०९९०.९१ हे) | व.कि.मि. | १०९.९१ |
| २ | सिँचाइ योग्य जमिन कृषि योग्य जमिनको ५७.४६% ६३१४ हे | व.कि.मि. | ६३.१४ |
| ३ | सर्वयाम नदीखोला २ अन्य २१ नदीखोला | गोटा | २३ |
| ४ | उर्वरायुक्त फाँट | गोटा | ७ |
| ५ | प्रदेशबाट निर्माणाधिन सिँचाइ | गोटा | ९ |
| ६ | पालिकाको सिँचाइ स्किम | गोटा | १०० |
| ७ | हाल सिञ्चित भूमि | व.कि.मि. | १८ |
| ८ | पालिकामा हाल प्रयोग सिँचाइ प्रणाली (लिफ्ट, सतह, पोखरी, स्प्रिङकल) | गोटा | ४ |

# परिच्छेद- तीन
# जनसंख्या

## ३.१ व्यक्तिगत तथा घरधुरी सर्वेक्षण विवरण

आधारभूत विवरणको रूपमा रहेको घरधुरी विवरणलाई यस परिच्छेदमा प्रस्तुत गरिएको छ। बेलकोटगढी नगरपालिकामा गरिएको घरधुरी सर्वेक्षणबाट आएको नतिजालाई संक्षिप्त रूपमा विश्लेषण सहित प्रस्तुत गरिएको छ।

### ३.१.१ घरपरिवारको संख्या

बेलकोटगढी नगरपालिकामा कूल ९,०९६ घरधुरी रहेकोमा वडा नम्बर १ मा सबैभन्दा कम घरधुरी (३४०) र वडा नम्बर ७ मा सबैभन्दा बढी १,१२० घरधुरी रहेको छ।

**चित्र ३ : वडा अनुसार घरधुरी**




स्रोतः बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण, २०७८

### ३.१.२ लिंग तथा मातृभाषा अनुसारको जनसंख्या विवरण

नेपाली भाषा बोल्ने जनसंख्या ७४.५८, तामाङ बोल्ने २३.९९, नेवारी भाषिका ०.८१ प्रतिशत रहेका छन्। यस बाहेक घले, मगर, राई तथा लिम्बू भाषा बोल्ने केही संख्यामा रहेका छन्।

**तालिका ६ : मातृभाषा बोल्ने जनसंख्या**

| वडा नं. | नेपाली | नेवारी | तामाङ | घले | मगर | राई | लिम्बू | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ९४५ | ० | ९५२ | ० | ० | ० | ० | ० | १८९७ |
| २ | ३२९८ | १८३ | ३१० | ० | ५ | ४१ | ० | ० | ३८३७ |
| ३ | ३३६८ | ४० | ४१८ | ० | १७ | ३२ | ० | ९ | ३८८४ |
| ४ | ९९८ | १६ | २८८४ | ६ | १२ | ० | ० | ० | ३९१६ |

| वडा नं. | नेपाली | नेवारी | तामाङ | घले | मगर | राई | लिम्बू | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| **५** | ३२५९ | ३५ | ५१ | ० | ६४ | ६ | ० | ० | ३४१५ |
| **६** | ३३४३ | ० | ५१ | ० | ० | ० | ० | ० | ३३९४ |
| **७** | ४७४६ | १८ | ९४३ | ० | १० | ० | ० | ० | ५७१७ |
| **८** | ३४३० | ० | ४३७ | ० | ० | ० | ० | ० | ३८६७ |
| **९** | २३२१ | ० | १४६२ | ० | ० | ० | ० | ० | ३७८३ |
| **१०** | ३०९३ | २२ | ३३३ | १८ | ० | ० | ० | ० | ३४६६ |
| **११** | १६५९ | २१ | २२१५ | ० | ० | ० | ७ | ८ | ३९१० |
| **१२** | २९०३ | ० | १७ | ० | ११ | ० | ० | ० | २९३१ |
| **१३** | २२०२ | ४९ | १३६६ | ३९ | ० | १२ | ० | ३ | ३६७१ |
| **जम्मा** | **३५,५६५** | **३८४** | **११,४३९** | **६३** | **११९** | **९१** | **७** | **२०** | **४७,६८८** |
| **प्रतिशत** | **७४.५८** | **०.८१** | **२३.९९** | **०.१३** | **०.२५** | **०.१९** | **०.०१** | **०.०४** | **१००.००** |

स्रोतः बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण,२०७८

**चित्र ४ : मातृभाषा बोल्ने जनसंख्या**




### ३.१.३ लिंग र उमेर समूहका आधारमा जनसंख्यासम्बन्धी विवरण

लिंग र उमेर समूह अनुसार यस नगरपालिकाको जनसंख्या सम्बन्धी विवरण निम्न अनुसार रहेको छ ।

**तालिका ७ : लिंग र उमेर समूहका आधारमा जनसंख्याको विवरण**

| उमेर समूह | तेस्रो लिंगी | पुरुष | महिला | कूल जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| ०-४ | ०(०.०) | १५९५(५०.५१) | १५६३(४९.४९) | ३१५८ | **६.६** |
| ५-९ | २(०.०५) | १९७९(५१.२७) | १८७९(४८.६८) | ३८६० | **८.१** |
| १०-१४ | ३(०.०९) | १७३३(५१.०५) | १६५९(४८.८७) | ३३९५ | **७.१** |
| १५-१९ | ५(०.१३) | २०४२(५१.७७) | १८९७(४८.१) | ३९४४ | **८.३** |
| २०-२४ | ४(०.०९) | २१६२(५०.५१) | २११४(४९.३९) | ४२८० | **९.०** |
| २५-२९ | ०(०.०) | २१०८(५३.५६) | १८२८(४६.४४) | ३९३६ | **८.३** |
| ३०-३४ | १(०.०४) | १३८४(५४.०२) | ११७७(४५.९४) | २५६२ | **५.४** |

| उमेर समूह | तेस्रो लिंगी | पुरुष | महिला | कूल जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| ३५-३९ | ३(०.१४) | ११०५(५३.३८) | ९६२(४६.४७) | २०७० | ४.३ |
| ४०-४४ | २(०.१३) | ७९९(५२.७७) | ७१३(४७.०९) | १५१४ | ३.२ |
| ४५-४९ | ०(०.०) | ७११(५०.९३) | ६८५(४९.०७) | १३९६ | २.९ |
| ५०-५४ | २(०.१७) | ६४०(५३.११) | ५६३(४६.७२) | १२०५ | २.५ |
| ५५-५९ | ०(०.०) | ५८४(५२.१४) | ५३६(४७.८६) | ११२० | २.३ |
| ६०-६४ | २(०.२३) | ४४१(५१.२२) | ४१८(४८.५५) | ८६१ | १.८ |
| ६५-६९ | ०(०.०) | ४२०(५४.९७) | ३४४(४५.०३) | ७६४ | १.६ |
| ७०-७४ | ०(०.०) | २६८(४९.३६) | २७५(५०.६४) | ५४३ | १.१ |
| >७५ | १४(०.११) | ६४५७(४९.३७) | ६६०९(५०.५३) | १३०८० | २७.४ |
| **जम्मा** | **३८(०.०८)** | **२४४२८(५१.२२)** | **२३२२२(४८.७)** | **४७६८८** | **१००.०** |

स्रोतः बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण, २०७८

आर्थिक रूपमा सक्रिय जनसंख्या (१५ देखि ६९ वर्ष उमेर समूह) मा ४७.८ प्रतिशत जनसंख्या रहेको छ। जेष्ठ नागरिक २७.४ प्रतिशत रहेको छ। करिब ६९ वर्षसम्म पुरुषको जनसंख्या बढी र त्यसभन्दा माथिको उमेर समूहमा भने महिलाको जनसंख्या पुरुषको भन्दा बढी देखिन्छ।

**चित्र ५ : उमेर समूह अनुसार वडागत रूपमा जनसंख्या**




स्रोतः बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण,२०७८

यस नगरपालिकाको उमेर समूह तथा लिंग अनुसारको जनसङ्ख्यामा सबैभन्दा बढी जनसङ्ख्या (९ प्रतिशत) २० देखि २४ वर्ष उमेर समूहमा रहेको छ। यस समूहमा पुरुष ५०.५१, महिला ४९.३९ र तेस्रो लिंगी ०.०९ प्रतिशत रहेको छ।

### ३.१.४ वैवाहिक अवस्था सम्बन्धी विवरण

बेलकोटगढी नगरपालिकामा वडा अनुसार वैवाहिक अवस्था निम्न अनुसार रहेको छ।

**तालिका ८ : वडागत आधारमा वैवाहिक अवस्था सम्बन्धी विवरण**

| वैवाहिक अवस्था | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सम्बन्ध विच्छेद भएको | - | २.० | ४.० | ३.० | ७.० | ७.० | ६.० | ५.० | ९.० | ७.० | ७.० | २.० | ६.० | ६५.० | ०.२ |
| विवाहित | १,०१० | २,०६३ | २,१३१ | १,९२८ | १,७८३ | १,७५६ | २,९९५ | २,०६२ | १,८७३ | १,८२३ | २,०१२ | १,५८२ | १,८८९ | २४,९०७ | ६२.६ |
| वहुविवाह | ३ | १४ | ६ | १० | ८ | १० | ५१ | ११ | ५५ | १८ | २० | १५ | ११ | २३२ | ०.६ |
| पुन: विवाह गरेको | - | ८ | २ | - | १ | - | २३ | - | २ | १ | ३ | - | - | ४० | ०.१ |
| अलग्गै वसेको | २ | ३ | ८ | ६ | २ | ५ | ३२ | ६ | १७ | १९ | १९ | १२ | २१ | १५२ | ०.४ |
| अविवाहित | ४७३ | ९५६ | १,०५९ | १,१५३ | ८९६ | ९२७ | १,३९९ | १,००२ | १,०५२ | ८६८ | १,०६५ | ७७१ | १,०३५ | १२,६५६ | ३१.८ |
| विधवा/विधुर | ७६ | १३६ | ७७ | १२४ | १२७ | ११७ | २१० | १६६ | १५९ | १६३ | १३५ | १०७ | १७० | १,७६७ | ४.४ |
| **जम्मा** | १,५६४ | ३,१८२ | ३,२८७ | ३,२२४ | २,८२४ | २,८२२ | ४,७१६ | ३,२५२ | ३,१६७ | २,८९९ | ३,२६१ | २,४८९ | ३,१३२ | ३९,८१९ | १००.० |

स्रोत: बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण,२०७८

यस नगरपालिकामा ६२.६ प्रतिशत जनसंख्या विवाहित छन् भने ३१.८ प्रतिशतले विवाह गरेका छैनन्। त्यसैगरी ४.४ प्रतिशत मानिसहरू विवाहपश्चात् विधवा वा विधुर भएकाछन्। करिब ०.४ प्रतिशत जोडी विवाहपश्चात् अलग्गै भएर बसेका छन्। सम्बन्ध विच्छेद गर्नेहरू ०.२ प्रतिशत छन्।

**चित्र ६ : वैवाहिक अवस्था सम्बन्धी विवरण**




## ३.२ जनसंख्याको विश्लेषण (खण्डीकृत तथ्यांक सहित- जस्तै प्रजनन दर, मृत्यु र बसाइँ सराइ)

### ३.२.१ लैंगिक आधारमा जनसंख्याको बनावट

वडागत आधारमा जनसंख्याको बनावट देहाय बमोजिम रहेको छ।

**तालिका ९ : वडागत तथा लैंगिक आधारमा जनसङ्ख्याको विवरण**

| वडा नं. | पुरुष | महिला | तेस्रो लिंगी | जम्मा |
|---|---|---|---|---|
| १ | ९७२ | ९२५ | - | १,८९७ |
| २ | २,०३२ | १,८०५ | - | ३,८३७ |
| ३ | २,०३७ | १,८४४ | ३ | ३,८८४ |
| ४ | १,९२५ | १,९८९ | २ | ३,९१६ |
| ५ | १,६९० | १,७२० | ५ | ३,४१५ |
| ६ | १,७६७ | १,६२५ | २ | ३,३९४ |
| ७ | २,९२४ | २,७८६ | ७ | ५,७१७ |
| ८ | १,९८३ | १,८८० | ४ | ३,८६७ |

| वडा नं. | पुरुष | महिला | तेस्रो लिंगी | जम्मा |
|---|---|---|---|---|
| ९ | १,९३२ | १,८४८ | ३ | ३,७८३ |
| १० | १,७५४ | १,७१० | २ | ३,४६६ |
| ११ | १,९८२ | १,९२२ | ६ | ३,९१० |
| १२ | १,५०५ | १,४२५ | १ | २,९३१ |
| १३ | १,९२५ | १,७४३ | ३ | ३,६७१ |
| **जम्मा** | २४,४२८ | २३,२२२ | ३८ | ४७,६८८ |
| **प्रतिशत** | ५१.२२ | ४८.७ | ०.०८ | १०० |

स्रोत: बेलकोटगढी नगरपालिका, घरधुरी सर्वेक्षण, २०७८

बेलकोटगढी नगरपालिकाको वडा १ र २ मा तेस्रो लिंगी जनसंख्या रहेको देखिएन। वडा नम्बर ७ मा अन्य वडाको तुलनमामा बढी जनसंख्या (५,७१७) रहेको छ भने वडा नं. १ मा सबैभन्दा कम जनसंख्या (१,८९७) रहेको देखिन्छ।

**चित्र ७ : लैंगिक आधारमा जनसङ्ख्याको विवरण**




### ३.२.२ मृत्यु दर

यस नगरपालिकामा गत एक वर्षमा भएको मृत्युको विवरण निम्न अनुसार रहेको छ।

**तालिका १० : गत एक वर्षमा मृत्यु भएको विवरण**

| वडा नं. | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | ४ | ८ | १२ |
| २ | २१ | २६ | ४७ |
| ३ | १३ | ९ | २२ |
| ४ | ९ | ५ | १४ |
| ५ | १२ | ४ | १६ |
| ६ | ७ | २ | ९ |
| ७ | २१ | १३ | ३४ |
| ८ | ० | १ | १ |
| ९ | ५ | ५ | १० |
| १० | ४ | ६ | १० |
| ११ | १४ | ६ | २० |

| | | | |
|---|---|---|---|
| १२ | २३ | १४ | ३७ |
| १३ | १३ | ५ | १८ |
| **जम्मा** | १४६ | १०४ | २५० |

स्रोतः बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण,२०७८

विगत एक वर्षभित्र २५० जनाको मृत्यु भएको देखिन्छ ।

**चित्र ८ : विगत एक वर्षमा भएको मृत्यु सम्बन्धी विवरण**




### ३.२.३ जनसंख्या वृद्धि

बेलकोटगढी नगरपालिकाको सीमानाको संरचनागत परिवर्तन अन्तर्गत साविक वडाहरूमा थप हुन आएको जनसंख्याले जनसंख्यामा तीव्र वृद्धि देखिए तापनि स्वाभाविक वृद्धि भने १.२७ प्रतिशतको हाराहारीमा देखिन्छ ।

**चित्र ९ : जनसंख्या वृद्धिको प्रवृत्ति**




### ३.२.४जातजाति

बेलकोटगढी नगरपालिका जातजातिको विविधताले भरिपूर्ण छ। यहाँका जातजातिको विवरण देहाय बमोजिम रहेका छन् ।

**तालिका ११: जातजातिको आधारमा जनसंख्याको वडागत विवरण**

| वडा नं. | ब्राह्मण् | क्षत्री | नेवार | तामाङ | घले | गुरूङ | भुजेल | मगर | विश्वकर्मा | सुनार | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ९२५ | ६ | – | ९४९ | – | – | – | – | ६ | ७ | ४ | १,८९७ |
| २ | २,१३३ | ६८ | २२९ | ८८६ | – | ६ | १७ | ९ | १९ | १९१ | २७९ | ३,८३७ |
| ३ | २,७३३ | ८४ | ४० | ४३३ | – | – | ४५ | ३४ | २ | ५० | ४६३ | ३,८८४ |
| ४ | ४१३ | ३९७ | २३ | १,४९५ | १ | १,४३४ | १० | १३ | – | – | १३० | ३,९१६ |
| ५ | ९१६ | २६१ | ८६८ | २२८ | – | – | ६६ | ३६२ | १२३ | १७३ | ४१८ | ३,४१५ |
| ६ | १,५४९ | ७७ | १२९ | १,५३७ | – | ८ | १९ | ६६ | – | १ | ८ | ३,३९४ |
| ७ | १,२१८ | ४९३ | ४०५ | १,०९८ | – | ४ | १६ | १६७ | ८७ | २१८ | २,०११ | ५,७१७ |
| ८ | २,३२१ | ५१८ | १४९ | ६४० | – | ३६ | – | – | १२ | १०४ | ८७ | ३,८६७ |
| ९ | १,६६२ | ३२९ | ५ | १,४६७ | – | – | – | – | ७ | १०३ | २१० | ३,७८३ |
| १० | १,९३४ | ५३१ | ६३ | ३७५ | ४ | २ | ५६ | १० | १७ | ६६ | ४०८ | ३,४६६ |
| ११ | १,११० | २३४ | ४८ | २,२४० | – | – | ४० | ५६ | ४ | ११९ | ५९ | ३,९१० |
| १२ | १,१५६ | २३३ | १५९ | ५०६ | – | – | १३२ | २३९ | २७ | ७८ | ४०१ | २,९३१ |
| १३ | १,२८० | २०६ | २८३ | १,३६९ | ४० | १३ | – | ५४ | २६ | १२६ | २७४ | ३,६७१ |
| **जम्मा** | **१९,३५०** | **३,४३७** | **२,४०१** | **१३,२२३** | **४५** | **१,५०३** | **४०१** | **१,०१०** | **३३०** | **१,२३६** | **४,७५२** | **४७,६८८** |
| **प्रतिशत** | **४०.५८** | **७.२१** | **५.०३** | **२७.७३** | **०.०९** | **३.१५** | **०.८४** | **२.१२** | **०.६९** | **२.५९** | **९.९६** | **१००.००** |

स्रोतः बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण,२०७८

बेलकोटगढी नगरपालिकामा बसोबास गर्ने जातजातिमा ब्राह्मण (४०.५८ प्रतिशत), तामाङ (२७.७३ प्रतिशत), क्षत्री (७.२१ प्रतिशत), नेवार (५.०३ प्रतिशत), गुरुङ (३.१५ प्रतिशत), सुनार (२.५९ प्रतिशत), मगर (२.१२ प्रतिशत), विश्वकर्मा (०.६९ प्रतिशत), भुजेल (०.८४ प्रतिशत), घले (०.०९ प्रतिशत) र अन्य विविध जातजाति ( ९.९६ प्रतिशत) रहेका छन् ।

**चित्र १० :  जातजातिको आधारमा जनसङ्ख्याको विवरण**




स्रोतः बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण,२०७८

## ३.२.५ मातृभाषा

यस नगरपालिकामा ब्राह्मण, तामाङ, क्षत्री, मगर, नेवार, सुनार, घले, विश्वकर्मा आदि जातजातिहरूको बसोबास रहेको छ । खासगरी नेपाली, नेवारी, तामाङ र घले भाषिक समूहहरू प्रमुख रहेका छन् ।

**तालिका १२ : भाषाभाषीहरूको वडागत विवरण**

| वडा नं. | नेपाली | नेवारी | तामाङ | घले | मगर | राई | लिम्वु | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ९४५ | ० | ९५२ | ० | ० | ० | ० | ० | १८९७ |
| २ | ३२९८ | १८३ | ३१० | ० | ५ | ४१ | ० | ० | ३८३७ |
| ३ | ३३६८ | ४० | ४१८ | ० | १७ | ३२ | ० | ९ | ३८८४ |
| ४ | ९९८ | १६ | २८८४ | ६ | १२ | ० | ० | ० | ३९१६ |
| ५ | ३२५९ | ३५ | ५१ | ० | ६४ | ६ | ० | ० | ३४१५ |
| ६ | ३३४३ | ० | ५१ | ० | ० | ० | ० | ० | ३३९४ |
| ७ | ४७४६ | १८ | ९४३ | ० | १० | ० | ० | ० | ५७१७ |
| ८ | ३४३० | ० | ४३७ | ० | ० | ० | ० | ० | ३८६७ |
| ९ | २३२१ | ० | १४६२ | ० | ० | ० | ० | ० | ३७८३ |
| १० | ३०९३ | २२ | ३३३ | १८ | ० | ० | ० | ० | ३४६६ |
| ११ | १६५९ | २१ | २२१५ | ० | ० | ० | ७ | ८ | ३९१० |
| १२ | २९०३ | ० | १७ | ० | ११ | ० | ० | ० | २९३१ |
| १३ | २२०२ | ४९ | १३६६ | ३९ | ० | १२ | ० | ३ | ३६७१ |
| **जम्मा** | ३५,५६५ | ३८४ | ११,४३९ | ६३ | ११९ | ९१ | ७ | २० | ४७,६८८ |
| **प्रतिशत** | ७४.५८ | ०.८१ | २३.९९ | ०.१३ | ०.२५ | ०.१९ | ०.०१ | ०.०४ | १००.०० |

स्रोतः बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण,२०७८

यस नगरपालिकामा मातृभाषाका रूपमा नेपाली बोल्ने (७४.८ प्रतिशत) र तामाङ भाषा वोल्ने (२३.९९ प्रतिशत) मानिसहरूको बाहुल्यता छ। यस बाहेक आफ्नो मातृभाषा बोल्ने अन्य भाषिक समूह पनि रहेका छन्।

**चित्र ११ : विभिन्न भाषाभाषीहरूको सम्मिश्रण**




स्रोतः बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण,२०७८

### ३.२.६ धर्म

यस नगरपालिकामा हिन्दु धर्मावलम्बी ७५.४ प्रतिशत, बौद्धमार्गी २२.२७ प्रतिशत र क्रिश्चियन २.०३ प्रतिशत छन्। यस बाहेक किरात, वोन र अन्य प्रकृति पुजक पनि केही संख्यामा बसोबास गर्दछन्।

**तालिका १३ : वडा अनुसार विभिन्न धर्मावलम्बीहरूको विवरण**

| वडा | हिन्दु | बौद्ध | इस्लाम | क्रिश्चियन | किरात | वोन | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ९५३ | ९३९ | - | १ | २ | - | - | १,८९५ |
| २ | ३,२२२ | ५९१ | - | २४ | - | - | - | ३,८३७ |
| ३ | ३,८१० | ४३ | १ | ३० | - | - | - | ३,८८४ |
| ४ | १,००६ | २,६३६ | १ | २६८ | - | ४ | - | ३,९१५ |
| ५ | ३,३३२ | ५० | - | ३३ | - | - | - | ३,४१५ |
| ६ | १,८७५ | १,४९४ | - | २४ | १ | - | - | ३,३९४ |
| ७ | ४,४८७ | १,०३४ | ३ | १८८ | - | - | ५ | ५,७१७ |
| ८ | ३,६१४ | १९९ | ५ | ४९ | - | - | - | ३,८६७ |
| ९ | ३,०९२ | ४९९ | - | १९२ | - | - | - | ३,७८३ |
| १० | ३,३०० | ८४ | - | ८२ | - | - | - | ३,४६६ |
| ११ | २,४२१ | १,४५३ | ४ | ८ | २ | - | १९ | ३,९०७ |
| १२ | २,६३३ | २४१ | - | ५४ | - | - | ३ | २,९३१ |
| १३ | २,२०६ | १,३५८ | - | १७ | ८२ | ७ | १ | ३,६७१ |
| **जम्मा** | **३५,९५१** | **१०,६२१** | **१४** | **९७०** | **८७** | **११** | **२८** | **४७,६८२** |
| **प्रतिशत** | **७५.४** | **२२.२७** | **०.०३** | **२.०३** | **०.१८** | **०.०२** | **०.०६** | **१००** |

स्रोतः बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण,२०७८

**चित्र १२ : विभिन्न धर्मावलम्बीहरूको सम्मिश्रण**




स्रोतः बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण,२०७८

### ३.२.७ बसोबासको अवस्था

| ८ | ८०.७ | ५.० |
| ९ | २२.६ | ०.६ |
| १० | ९७.३ | १.३ |
| ११ | ६०.४ | ०.८ |
| १२ | ७८.० | २.६ |
| १३ | ९५.९ | ०.८ |
| **जम्मा** | **७८.९२** | **६.४८** |

स्रोत: बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण,२०७८

कोभिड-१९ को कारणले ६.४८ प्रतिशत विद्यार्थीले विद्यालय छोडेको विवरण घरधुरी सर्वेक्षणबाट प्राप्त भएको छ। विद्यालय वन्द रहेको अवधिमा ७८.९२ प्रतिशत परिवारले बालबालिकाहरूको अनलाइन शिक्षा चालु रहेको तथ्य उल्लेख गरेका छन्।

**चित्र ३५ : कोभिड- १९ को शैक्षिक क्षेत्रमा परेको प्रभाव सम्बन्धी विवरण**




स्रोत: बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण,२०७८

कोभिड-१९ को दोस्रो लहरसँगै फेरि अर्को पटक बन्दाबन्दीको अवस्था झेल्न पर्दा उद्योग, कलकारखाना, यातायात, होटेल, रेस्टुँरा र अन्य सेवा प्रदायक संस्थाहरू र उत्पादनका इकाईहरू शिथिल हुन पुगेका छन्। उत्पादन र विकास निर्माणका कामहरू यस अवधिमा प्रभावित हुन पुगेका छन्। निर्माण लगायतका सामानहरूको आपूर्ति सीमित मात्रामा भएको छ। दैनिक ज्यालादारी गरेर जीवन निर्वाह गर्ने श्रमिक वर्ग, डोकोमा तरकारी बेच्ने, फुटपाथमा पसल थाप्ने, साना चियापसल तथा खुद्रा पसल सञ्चालक, गरिब, महिला, अपाङ्ग, वृद्ध तथा गर्भवती तथा सुत्केरी महिला र अनौपचारिक क्षेत्रमा काम गर्ने बढी प्रभावित हुन पुगेका छन्। कोभिडको प्रभावबारे बेग्लै विस्तृत अध्ययन आवश्यक छ।

### ४.१८ नगरपालिकाको अर्थतन्त्रको विशिष्टीकरण

**अर्गानिक खेती:** स्थानीय उत्पादनलाई अर्गानिक अवधारणा अनुसार पकेट क्षेत्रमा विभाजन काम गर्न सकिएको अवस्था छैन ।

**विप्रेषण:** यस नगरपालिकाको अर्को आर्थिक स्तम्भ वैदेशिक रोजगारीमा गएका युवाहरूले पठाउने विप्रेषण हो । यहाँबाट रोजगारीका १४ सय ९ युवा युवती विश्वका विभिन्न देशमा पुगेका छन् । वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सले कतिपयको घर खर्च, बालबालिकाहरूको शिक्षा, स्वास्थ्य उपचार आदिमा सहयोग पुगेको छ । विप्रेषणको ठूलो हिस्सा उत्पादक क्षेत्रमा ल्याउन सकेमा यहाँका वासिन्दाको आर्थिक हैसियत उकास्न सकिने सम्भावना भने देखिन्छ ।

### ४.१९ आर्थिक क्षेत्रसँग सम्बन्धित केही प्रमुख सूचकहरू

आर्थिक क्षेत्रका केही महत्वपूर्ण सूचकहरूको विद्यमान अवस्था देहाय बमोजिम रहकोछ :

**तालिका ४१ : आर्थिक क्षेत्रका केही सूचकहरू**

| क्र.सं. | आर्थिक विकास | एकाइ | हालको अवस्था | सूचनाको स्रोत |
|---|---|---|---|---|
| १ | कूल गार्हस्थ उत्पादन | रु. | ४,०९३,३५६,८२३ | घर धुरी सर्वेक्षण, २०७८ |
| २ | आर्थिक वृद्धिदर | प्रतिशत | १.२३ | बागमती प्रदेशको औसत |
| ३ | निरपेक्ष गरिबी | प्रतिशत | ९% | ” |
| ४ | रोजगार दर | प्रतिशत | ५०.९४ | NPHC, 2011 |
| ५ | प्रति व्यक्ति उद्योग व्यापार संस्थान | प्रति व्यक्ति | ०.३१ | |
| ६ | आम्दानी सूचक (Income Index) | Index | ०.३३६ | NHDR, 2014 |
| ७ | आम्दानीको सूचकमा प्रदेशभरिमा Rank | क्रमसंख्या | १३१ | |
| ८ | कोभिडको असर (बेरोजगारी) | प्रतिशत | ५.५% (२६) | घर धुरी सर्वेक्षण, २०७८ |
| ९ | बेरोजगारी | प्रतिशत | ९.४% (४४७) | " |
| १० | वैदेशिक रोजगारी | प्रतिशत | ३.७% (११२२) | " |
| ११ | विप्रेषण (वार्षिक) | रुपैयाँ | १२,२४,६८,७४५ | " |

# परिच्छेद- पाँच
# भौतिक पूर्वाधारको स्थिति

## ५.१ सडक यातायात

बेलकोटगढीको उत्तरी भागहरू काठमाडौं-त्रिशूली सडक सडक सञ्जालसँग जोडिएको छ र यस सञ्जालले अन्तर्गत उत्तर पूर्वमा ककनी र काठमाडौं र उत्तरमा रसुवा जिल्लालाई जोड्दछ। नगरपालिकाको दक्षिणी भागलाई गल्छी-त्रिशूली-रसुवागढी सडकले जोड्दछ। काठमाडौं-भीमढङ्गा-गगनपानी सडकले समेत नगरपालिको दक्षिण भागलाई जोड्दछ।

नगरपालिकाभित्रका शहरी सडकहरूबाहेक सबै सडकहरू सुक्खा मौसममा मात्रै सञ्चालनमा रहन्छन्। नगर क्षेत्रभित्र जीपहरू सुक्खा याममा गुड्दछन्।

नुवाकोट जिल्लाको सदरमुकाम विदुर नगरपालिकादेखि बेलकोटगढी नगरपालिकाको केन्द्र १६ किमिको दूरीमा पर्दछ। विदुरबाट बेलकोटगढीसम्म पुग्नको लागि प्रयोग गरिने मुख्य बाटो बट्टार त्रिशूली बेलकोटगढी सडक हो। बेलकोटगढी नगरपालिकासम्म पुग्ने यो सडक ग्रावेल गरेको अवस्थामा रहेको छ। यो सडकबाट पाच्र्यांग रसुवा जिल्ला र उर्लेनीसम्म सार्वजनिक बस सेवा सञ्चालनमा रहेको छ। यस नगरपालिकाको वडासम्मको पहुँचका लागि वडा नं ५ सम्म पुग्ने ७ कि.मि. को बाटो, वडा नं १ को लच्याङ्ग पुग्ने ७ कि.मि.को बाटो, २ नंको कुवापानी पुग्ने ६ कि.मि. को बाटो, वडा नं ३ को फलाटेबजार पुग्ने ५ कि.मि. को बाटो, वडा नं ३ मा विदुरको गेर्खुसम्मको ३ कि.मि. को बाटो तथा वडा नं ४ को लब्दुसम्मको ५ कि.मि. को बाटो कच्ची ट्र्याकको अवस्थामा पदमार्गको रूपमा रहेका छन्।

**तालिका ४२ : सडकको पहुँचमा रहेका घरधुरीहरू**

| वडा नं. | पक्की सडक | ग्राभेल सडक | ट्र्याक सडक | सडक पहुँच नभएको | जम्मा |
|---|---|---|---|---|---|
| १ | - | - | २८९ | ५१ | ३४० |
| २ | २ | १ | ६९६ | १ | ७०० |
| ३ | - | १२ | ७३५ | - | ७४७ |
| ४ | - | - | ६९२ | २१ | ७१३ |
| ५ | ९३ | ४९ | ५४४ | २ | ६८८ |
| ६ | ३ | ३३ | ६३५ | १० | ६८१ |
| ७ | ३२६ | २७ | ७६५ | २ | १,१२० |
| ८ | ४६ | १ | ७०० | - | ७४७ |
| ९ | १ | ५ | ७३३ | - | ७३९ |
| १० | २७ | ११४ | ५१४ | - | ६५५ |
| ११ | ९० | २१ | ४८० | १०९ | ७०० |
| १२ | ४ | १ | ५१३ | ११ | ५२९ |
| १३ | ३७ | ४५ | ६४४ | १२ | ७३८ |
| **जम्मा** | ६२९ | ३०९ | ७,९४० | २१९ | ९,०९७ |
| **प्रतिशत** | ६.९१ | ३.४० | ८७.२८ | २.४१ | १००.०० |

स्रोतः बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण,२०७८

यस नगरपालिकामा रहेका २ ओटा झोलुंगे पुलहरू रहेका छन्। बेलकोटगढी नगरपालिका वडा नं २ को फलाखु खोलामा रहेको ५० मिटर लम्बाइको झोलुंगे पुल र यस नगरपालिकाको ५ नं वडाको तादि खोलामा रहेको ५० मिटर लम्बाइको झोलुंगे पुल।

नगर पालिकाले सडकहरूलाई महत्व (आवागमन, सवारी चाप, सडकले छुने स्थानहरूको महत्व, सडकमा हुने आर्थिक कारोबार) को आधारमा मूल्याङ्कन गरी बर्गिकरण गर्ने बारे आ.व. २०७७/७८ को बजेट तथा कार्यक्रममा उल्लेख छ।

**चित्र ३६ : वडागत रूपमा सडकको पहुँचको अवस्था**




स्रोतः बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण,२०७८

पक्की सडकमा पहुँच भएका घरधुरी ६.९१ प्रतिशत, ग्राभेल सडकमा पहुँच भएको घर परिवार ३.४ प्रतिशत, ट्र्याकमात्र खोलेको सडकसँग जोडिएका घरधुरी ८७.२८ प्रतिशत रहेको छ। पछिल्लो समय ट्र्याक खोल्ने काममा नगरपालिकाले तीव्र रूपमा काम गरेको प्रष्ट हुन्छ। कुनै प्रकारको सडकमा हालसम्म पहुँच नभएका घर परिवार २.४१ प्रतिशत छ।

बेलकोटगढी नगरपालिकामा सञ्चालित सडकहरूमा माद्धे दियाले-पञ्चासे-बाघखोर सडक, कोल्पुटार-दुई पीपल-डबली-चौतीसकिलो सडक, महादेवफाट-ढकालथोक-दुई पीपल, दाती-करुणाकर-थुम्का-छहरे खोला-बाघखोर सडक, देवीघाट-जुमाने चौर-सडक, धमले-सुन्दर बजार-बाघखोर सडक, बाराही शक्ति माबी-बलुवा भन्ज्याङ-भृकुटी दोभाने सडकहरू यातायात गुरु योजानामा महत्वपूर्ण सडकका रूपमा लिइएको छ। नगरपालिकामा कालोपत्रे सडक (राजमार्ग समेत) ६० कि.मि., ग्राभेल सडक १२ कि.मि. र धुले सडक ६५० कि.मि. रहेको छ।

नगरपालिका यातायात गुरुयोजना (Municipal Transport Master Plan-MTMP), आ.व. २०७६/०७७ मा तयार भएको छ । यस गुरुयोजनाले नगरपालिकाको सडकहरूको इन्भेण्ट्री सर्वेक्षण गरेर वडा नं १ देखि वडा नं १३ सम्मका सबै सडकहरूको अभिलेख तयार गरेको छ। सकड अभिलेखको आधारमा सडक निर्माण नीति र कार्ययोजना तयार गर्नुका साथै बजेट तथा कार्यक्रम समेत तर्जुमा गरेको छ। नगरपालिका सडक गुरुयोजनामा सडकको महत्वको आधारमा नगरका सडकलाई चार वर्ग (क, ख, ग र घ) मा विभाजन गरिएको छ।

सडक गुरुयोजनाले सडकको वर्गीकरणसँगै निर्माण तथा स्तरोन्नतिको प्राथमिकता निर्धारण गरी निर्माण लागत सहित कार्ययोजना तयार गरेको छ। यस सडक गुरुयोजनामा नगरपालिकाको सडक शीर्षकको बजेटलाई सडक निर्माण तथा मर्मतको लागि निर्माणतर्फ कुल सडक निर्माणको ७०% बजेट व्यवस्था हुनुपर्ने र मर्मत गर्न ३०% बजेट व्यवस्था हुनुपर्ने नीतिगत व्यवस्था उल्लेख गरिएको छ। उल्लिखित बजेट विनियोजनको ढाँचा अनुसार सडक शीर्षक बजेटलाई सडक वर्गीकरण (क, ख, ग र घ) अनुसार विनियोजित गर्दा क वर्गको सडकमा ४०% ख बर्ग को सडकमा ३०%, ग वर्गको सडकमा २०% र घ वर्गको सडकमा १०% बजेट व्यवस्था गर्नुपर्ने व्यवस्था

गरिएको छ। गुरुयोजनामा प्रत्येकमा आ.ब.मा सडकको बजेटमा १५% बजेट बढोत्तरी हुनुपर्ने प्रस्ताव समेत गरिएको छ।

यस नगरपालिका हुँदै पासाङल्हामु राजमार्ग र गल्छी-त्रिशूली राजमार्गले केही वडा छिचोल्दै जाने हुनाले नगरपालिकाका धैरै सडकहरूको शुरु बिन्दु यिनै राजमार्गबाट भएको देखिन्छ।

यस वाहेक प्रदेश अन्तर्गतका सडकहरू पनि नगरपालिकामा सञ्चालित रहेका छन्।

**नगरपालिकामा सञ्चालित प्रादेशिक सडकहरू:**

(क) बाराही-बडरे-बस्नेतनगर-विदुर न.पा.जोडने सडक (कालोपत्रे)

(ख) भ्याउली पोखरी-आरुखर्क-पैंतीस किलो-बेलकोटगढी

(ग) निरन्जना-बाघखोर सडक (निर्माणाधिन)

(घ) नलनगर- जिलिङ-खतिवडा टोल-देउराली सडक

(ङ) ठूलोखोला-तल्लो भंगेरी-दुईपिपल-नुवाकोट-देउराली-महादेवखर्क-बडरे सडक

(च) बेलकोटखोला-कालीघुम्ती-भृकुटी सडक

(छ) ढ्याङगली पोखरी-आरुखर्क-चौतीस किलो-बेलकोटगढी

(ज) बाग्राहि रकी माबी-बादरे बस्नेत नगर सडक

(झ) कोल्पुटार-जलजले-फाटा पौवा सडक

(ञ) नगरपालिका यातायात गुरुयोजनामा प्रस्तावित बेलकोटगढी न.पा. चक्रपथ निम्न अनुसार प्रस्तावित गरिएको छ:

शुरु बिन्दु-बेलकोटगढी-जिलिङ-डबाली-देउराली-फाटपौवा-कुमारीभन्ज्याङ-ओखले-पोखरी-गुम्बा-बाराही शक्ति मा.बी.-भन्ज्याङ-दोभाने हुँदै बेलकोटगढी।

**नगरपालिकामा सञ्चालित अन्य सडकहरू**

**गुरुयोजनामा आनुसार सडकहरू वडागत संख्या**

(क) वडा नं १ मा स्थानीय सडक ४ वटा

(ख) वडा नं २ मा स्थानीय सडक ५ वटा

(ग) वडा नं ३ मा स्थानीय सडक ५ वटा

(घ) वडा नं ४ मा स्थानीय सडक ५ वटा

(ङ) वडा नं ५ मा स्थानीय सडक ८ वटा

(च) वडा नं ६ मा स्थानीय सडक ४ वटा

(छ) वडा नं ७ मा स्थानीय सडक ४ वटा

(ज) वडा नं ८ मा स्थानीय सडक ५ वटा

(झ) वडा नं ९ मा स्थानीय सडक ८ वटा

(ञ) वडा नं १० मट स्थानीय सडक ४ वटा

(ट) वडा नं ११ मा स्थानीय सडक ६ वटा

(ठ) वडा नं १२ मा स्थानीय सडक ४ वटा

(ड) वडा नं १३ मा स्थानीय सडक ९ वटा

सडक गुरुयोजनामा उल्लेख भए अनुसार नगरपालिकामा सञ्चालित मुख्य स्थानीय सडकहरू ७१ वटा छन्।

**नगरपालिकामा सञ्चालित सडकहरूको वडागत नामावली**

**वडा नं १ मा सञ्चालित मुख्य सडकहरू**

(क) पैतिसकिलो-आरुखर्क-भन्ज्याङ मा बी-बाघखोर सडक

(ख) खर्कचौर-ठूलाघरगोल्मा-चौथेफाटा-पौवा सडक

(ग) भन्ज्याङ मा.बी.-गैरीगाउँ-मानेडाँडा-चिम्टेश्वर सडक

(घ) भृकुटी मा.बी.- खाल्देपानी-रैबारे-कालीघुम्ती सडक

**वडा नं २ मा सञ्चालित मुख्य सडकहरू**

(क) पैंतिसकिलो-१.आरुखर्क-दुईपीपल-बाघखोर सडक

(ख) धार्के-जीवनपुर-कोल्पु-वीरेन्द्र मा.बी.-बेल्कोट सडक

(ग) आचार्यपोखरी-बारबिसे-झयाङली पोखरी-रातमाटे सडक

(घ) चौद्धमुरे-रिस्तेटार-असिमुरे-ठूलोबगर-सडक

(ङ) कोल्फुटार–वीरेन्द्र मा.बी -धुसेनी-रोटेपानी-देवीस्थान

(च) भैरवकुण्ड-आलाफाटा सडक

**वडा नं ३ मा सञ्चालित मुख्य सडकहरू**

(क) कोल्पु-गडीथुम्का-चिम्टेश्वर सडक

(ख) कोल्पु-जोगीबाराबोट-डाँडागाउँ सडक

(ग) पात्ले-कुमरी-पञ्चासे सडक

(घ) फाटापब्बा-चौद्धमुरे-बिरुवाटार-ठूलोबगर-कोल्पुटार सडक

(ङ) तारुके-खोल्सी-डाँडा-भंगारे सडक

**वडा नं ४ मा सञ्चालित मुख्य सडकहरू**

(क) दियाले-पञ्चासे-बाघखोर सडक

(ख) दियाले-पन्चासे मा.बी-बैद्धबन-बाघखोर सडक

(ग) कोल्पुटार-दुईपीपल-डबली-चौतीस किलो सडक

(घ) जलेश्वरमहादेव-कोल्पु- चनौटे सडक

(ङ) भोल्लेखोला-जलजले-हस्पिटल-दोभान-बानियानगर-बाघखोर सडक

**वडा नं ५ मा सञ्चालित मुख्य सडकहरू**

(क) लक्ष्मीप्रसाद देवकोटा सडक

(ख) दुईपिपल-तीनघरे-गल्छी देवीघाट सडक

(ग) रसोदर-अधिकारीखोला-लामाचौर सडक

(घ) रसोदर-अधिकारी खोला-लामाचौर-बकानोचौर-हुउरे

(ङ) हिटिआल-दुईपीपल-सार्किथोक-बेतपानी सडक

(च) तीन सल्ले–काभ्रे-ठोलाचौर-क्रियापानी सडक

(छ) छिपिथोक-छापडाँडा-डम्पिङ सडक

(ज) पण्डित टोल-रातमाटे-ठूलाचौतारा सडक

(झ) दुईपीपल-तीनघरे-गल्छी-देवीघाट सडक

**वडा नं ६ मा सञ्चालित मुख्य सडकहरू**

(क) माझीनगर-माझी बिरुवा पीपल सडक

(ख) डबली-दियाले सडक

(ग) दबली-दहालचोक-अर्चले कार्कीडाँडा-डम्पिङ सडक

(घ) देउराली-माथिल्लो भङ्गेरी-भष्मे सडक

**वडा नं ७ मा सञ्चालित मुख्य सडकहरू**

(क) माहादेव फाँट-ढकालथोक-दुईपीपल सडक

(ख) छबीसे शम्भुचोक- दुईपीपल सडक

(ग) कोल्फुखोला-भैरवकुण्ड-आलाफाटा सडक

(घ) तुल्सीटार-चन्द्रेटार-दुईपीपल सडक

**वडा नं ८ मा संगालित मुख्य सडकहरू**

(क) दियाले-लप्से-हर्रे-मालिका सडक

(ख) देवीघाट-बाहुनडाँडा सडक

(ग) केउरीनी-थपागाउ-खत्री टोल सडक

(घ) पार्वतीचउर-नेपालथोक-खतिवडागाउँ-दुईपीपल सडक

(ङ) बेलटार-खमारी चउर-पार्वती चुउर-नेपालथोक-भंगेरी

**वडा नं ९ मा सञ्चालित मुख्य सडकहरू**

द्रष्टव्यः यस वडालाई पासाङल्हामु राजमार्ग र गल्छी-त्रिशूली दुवै राजमार्गले छोएको छ ।

(क) ताडी-करुनाकर-थुम्का-छहरेखोला-बाघखोर सडक

(ख) देबीघाट-जामने चउर सडक

(ग) भालुखोला-बाघखोर-सिउरेनी-आमबे सडक

(घ) जामुने चउर-चामबोटे-बासथला सडक

(ङ) सानोचौतारा-सिम्ले-सुवारा-कुचेबङ सडक

(च) मानेटोल-पेमो-छोइले गुम्बा सडक

(छ) अमुस्त्री मोड-छहारेखोला-मिजारटोल सडक

(ज) बास्कोटे-कान्ले-सिक्रे-दियाले सडक

**वडा नं १० मा सञ्चालित मुख्य सडकहरू**

द्रष्टव्यः यस वडालाई गल्छी-त्रिशूली सडकले छोएको छ ।

(क) धमाले-सिन्दरबजार-बाघखोर सडक

(ख) केउरेनी खोला-पोखरी-बस्नेतगाउँ-निरन्जना सडक

(ग) चिसापानी-मझुवा सडक

(घ) पुतली टार-चिसापानी-बाघखोर सडक

**वडा नं ११ मा सञ्चालित मुख्य सडकहरू**

द्रष्टव्यः यस वडालाई पासाङल्हामु राजमार्गले छोएको छ ।

(क) पुतालीटार-चिसापानी-बाघखोर सडक

(ख) धमाले-टिमुरे-मदानपुर सडक

(ग) बेसीटार-सेराखेत-रातमाटे सडक

(घ) बेतानीवन-लामाटोल-मझुवा-चिसापानी-बाघखोर सडक

(ङ) पुतलीटार-ढकालटोल-कालिका स्कुल सडक

(च) घरेडीटार-बेलचौर-तिमिल्सिनाटोल -रचनाटार-मदानपुर सडक

**वडा नं १२ मा सञ्चालित मुख्य सडकहरू**

(क) बराही-शक्ति मा.बी.-बालुवा भन्ज्याङ-भृकुटी-दोभाने सडक

(ख) बेलकोटगढी-घोडढाट-बासुकी-देउडेफेदी सडक

(ग) नयाँपुल-दोभानेटार-सातबिसे-बासुकी-बालुवा भन्ज्याङ सडक

(घ) देउराली-कालापानी-ज्यामिरे-खाल्डेपानी सडक

**वडा नं १३ मा सञ्चालित मुख्य सडकहरू**

(क) कालीमाटी-अमिलडाडा-फेदीबेसी सडक

(ख) बाराही-शक्ति मा बी- बडारे सडक

(ग) घलेनगर-गोग्रेनी भन्ज्याङ-भृकुटी- कालाघुम्ती सडक

(घ) बेतिनीबन-नयापुल-ताडीपुल-शक्ति मा.बी- सप्तकन्या-फेदीबेसी सडक

(ङ) केशवमोड-जिमीरे-बहत्तरी सडक

(च) अभिभुक्तेश्वर- बुडने सडक

(छ) सिङ्गारे-मनिराज मोड सडक

(ज) गोग्रेनी-भन्ज्याङ-स्याङ्गु सडक

(झ) कृष्ण मन्दिर-शीतलथोक-डेउडेनगर सडक

नगरपालिका यातायात गुरुयोजनाले गरेको वर्गीकरण तथा प्राथमिकीरण अनुसारका सडकहरू देहाय बमोजिम रहेका छन्:

**क वर्गका सडकहरू**

(क) दियाले-पञ्चासे-बाघखोरस डक (वडा नं ४) ३.७६ किमि

(ख) कोल्पुटार-दुईपीपल-दवाली-चौतिसखोला सडक (वडा नं ४) ८.७ कि.मि.

(ग) महादेव फाट-ढकालथोक-दुईपीपल (वडा नं ७) सडक ५.५ कि.मि.

(घ) ताडी-करुणाकर-थुम्का-छहारेखोला-बाघखोर (वडा नं ९) सडक ५.५ कि.मि.

(ङ) देवीघाट-जुमानेचौर (वडा नं ९) सडक ४.२ किमि

(च) धमाले-सुन्दर बजार-बाघखोर (वडा नं १०) सडक ९.१० कि.मि.

(छ) बाराही शक्ति मा.बी-वालुवा भन्ज्याङ-भृकुटी दोभाने (वडा नं १२) सडक ७.८४ कि.मि.

क वर्गमा सडकहरूको जम्मा लम्बाइ ४४.६० कि.मि. रहेको छ। यस वर्गका सडकहरूको सडक अधिकार क्षेत्र (Right of of Way-ROW) १९ मिटर निर्धारण गरिएको छ।

**ख वर्गका सडकहरू**

(क) कोल्फुटार-वीरेन्द्र मा.बी. घुसेनी-रोटेपानी-देवीस्थान (वडा नं २) सडक २.५६ कि.मि.

(ख) कोल्फुखोला-गढीथुम्का-चिम्टेश्वर (वडा नं ३) सडक ६.७५ कि.मि.

(ग) लक्ष्मीप्रसाद देवकोटा (वडा नं ५) सडक ६.० कि.मि.

(घ) दवाली-दहालचोक-अर्चले-कार्की डाँडा-डम्पिङ (वडा नं ६) सडक ५.० कि.मि.

(ङ) देवीघाट-बाहुनडाँडा-(वडा नं ८) सडक १३.१९ कि.मि.

(च) केउरेनीखोला-पोखरी-बस्नेतगाउँ-रानाटोले-निरन्जना (वडा नं १०) सडक ८.९ कि.मि.

(छ) बेल्कोटगढी-घोडढाट-वासुकी-देउडे फेदी (वडा १०) सडक १७.०१ कि.मि.

*ख वर्गका सडकहरूको सडक अधिकारक्षेत्र १६.मी प्रस्ताव गरेको छ भने जम्मा लम्बाइ ५९.७ कि.मि. छ।*

**<u>ग वर्गका सडकहरू</u>**

(क) भन्ज्याङ मा.बी-ठूलोगाउँ-गैरीनगर- मानेडाँडा-चिम्टेश्वर (वडा नं १) ३.२३ कि.मि.

(ख) तारुकेखोल्सी-डाँडा-भंगारे-(वडा नं ३) सडक २.० कि.मि.

(ग) जलेश्वरमहादेव-कोल्पु-चनौटे (वडा नं४) सडक २.०५कि.मि.

(घ) देउराली-माथिल्लोभंगेरी-भस्मे (वडानं ६) सडक २.१ कि.मि.

(ङ) घरेडीटार-बेलचौर-तिमलसिना टोल-रचनाटार-मदानपुर (वडा नं ११) सडक ३.१५ कि.मि.

(च) देउराली-कालापानी-ज्यामिरे-खाल्टेपानी (वडा नं १२) सडक ३.५८ कि.मि.

(छ) कालीमाटी-अमिलेडाँडा- फेदीबेसी (वडा नं ३) सडक ३.२७ कि.मि.

ग वर्गका सडकको सडक अधिकारक्षेत्र १२ मिटर प्रस्ताव गरिएको छ र जम्मा लम्बाइ १९.३८ कि.मि. छ।

**<u>घ वर्गका सडकहरू</u>**

(क) शिव मन्दिर-चाटडाँडा-कान्लेखोला-देवीस्थान सडक ५.३७ कि.मि.

(ख) कोल्पुखोला-भैरवकुण्ड-आलापाटा (वडा नं ७) सडक १.८९ कि.मि.

(ग) दियालो-लप्से-हर्रे-मालिका (वडा नं ८) सडक ७.२५ कि.मि.

यस घ वर्गका सडकहरूको सडक अधिकारक्षेत्र ९ मिटर प्रस्ताव गरिएको छ र जम्मा लम्बाइ १४.५१ कि.मि. छ।

नगरपालिकाको सबै वडामा धुले सडकको पहुँच स्थापित भइसकेको छ। सडक सञ्जालले सबै स्थानहरूलाई जोडेकाले यस्ता सडकहरूको संख्या पनि निकै ठूलो छ। अधिकांश सडकहरूको स्तर धुले छ र सडकको अन्य संरचनाहरूको निर्माण समेत नभएकाले यी सडकहरू सर्वयाम नभई मौसमी रूपमा मात्र सञ्चालन हुने हुँदा सधैं यी सडकबाट सुविधा पाउन नसकिरहेको अवस्था छ। विद्यमान सडकहरूको स्तरोन्नति गरेर सर्वयाम बनाउन नितान्त आवश्यक भए पनि सबै सडकहरूलाई एउटै समयमा स्तरोन्नति गर्न स्रोत साधन परिचालन गर्न सहज छैन।

अतः प्राथमिकता निर्धारणको सिद्धान्त अनुसार नगर यातायात गुरुयोजनामा नगरपालिकाको १३ वटै वडाहरूमा रहेका सडकहरूलाई चार बर्गमा वर्गीकरण गरी महत्वपूर्ण मानिएको ९५.५ कि.मि. सडकको स्तरोन्नतिको प्रथम कार्ययोजना समेत तयार गरिएको छ।

**मोटरेबल पुलहरूको विवरण**

बेलकोटगढी नगरपालिकामा सर्वयाम पानीको बहाव रहने दुई वटा नदी (त्रिशूली र ताडी) र अन्य २१ वटा मौसमी खोलाहरू (पाखुरेखोला, रूपसेपानीखोला, अमरेखोला, ग्यालीखोला, जलजलेखोला, कोल्चेखोला, कोल्पुखोला, लौकेखोला, लेदेखोला, पञ्चासेखोला, फलाटेखोला, रुम्ताखोला, ठूलोखोला, बेतेनीखोला आदि थुप्रै खोलाहरू छन्। माथि उल्लेखित नदी तथा खोलाहरू कतै न कतै कुनै न कुनै सडकमा पर्ने हुनाले यस नगरपालिकामा सडकपुलहरूको निकै ठूलो आवश्यकता देखिन्छ। हाल सञ्चालनमा रहेका तथा निर्माणाधिन सडक पुलहरू देहाय बमोजिम छन्:

(क) कोल्पुखोला पुल

(ख) भंगारी धुलेखोला पुल

(ग) दिही खोला सडक पुल

(घ) महादेवफाँट (त्रिशूली) सडक पुल

(ङ) ठूलोखोला पुल

(च) बेल्कोटखोला पुल

(छ) तादीखोला पुल

(ज) काली घुम्ती सडक पुल

(झ) तादी खोला पुल

(ञ) बेलकोटखोला सडक पुल

**झोलुंगे पुलहरूको विवरण**

यस नगरपालिकामा सञ्चालनमा रहेका झोलुंगे पुलहरू निम्न प्रकार छन्:

(क) बाह्रबिसे झो.पु.७५ मि.

(ख) बासुकी झो.पु. ५० मि.

(ग) बेलकोटखोला झो.पु. ७० मि.

(घ) लकोट खोला झो.पु. ७२ मि.

(ङ) रम्तेखोला झो.पु.

(च) वडा नं १० र ११ जोडने झो.पु.

(छ) बेतेनी खोला झो.पु.

**घोडेटो बाटो (पदमार्ग) हरू को विवरण**

(क) रानीपौवा बजार-ककनी गा.पा.ओखले हिले-गौरबास-खड्ग चौर-चिम्टेश्वर-बाघखोर-देवीघाट-दुईपीपल-कोल्फुटार पर्यटकीय पदमार्ग (गौरवशाली योजना )

(ख) बेलकोटगढी-नलनगर देवीथान-मदानपुर वासुकी बाराही-कुमरीको जलेश्वर-कुमरी मन्दिर-दुईपीपलको डबली क्षेत्र पदमार्ग निर्माण हुनु पूर्व नगर -नगर, बस्ती-बस्ती जोड्ने पहिलेदेखि सञ्चालित स-साना गोरेटोहरू तथा, घोडेटोहरू सडक निर्माणको क्रममा क्षति भई आवागमनमा कठिनाइ भइराखेकोले तिनीहरूलाई पुनः निर्माण तथा पुनःस्थापना गर्न वडागत कार्यक्रम बनाई निर्माण गर्दा उपयुक्त हुने देखिन्छ ।

**नगरपालिकामा मर्मत सम्भार सम्बन्धी व्यवस्थाः** नगरपालिकामा मर्मत सम्भार कोषको नीति तयार भएको र उक्त कोष स्थापना भई २०७६ बाट कार्यान्वयनमा समेत रहेको छ ।

## ५.२ सूचना प्रविधि तथा सञ्चार क्षेत्रको अवस्था

यस नगरपालिकामा सूचना तथा सञ्चारको पहुँचको अवस्था राम्रै रहेको देखिन्छ। स्थानीयस्तरमा स्थापित एफ.एम. रेडियोले सूचना प्रवाहका अलावा विभन्न क्षेत्रमा जनचेतना जगाउन महत्वपूर्ण भूमिका खेलेको देखिन्छ। यस नगरपालिकामा एनसेल र नेपाल टेलिकमको मोबाइल सेवा सञ्चालनमा छ। आम सञ्चारको रूपमा यस नगरपालिकामा टेलिफोन लाइनको विस्तार गरिएको अवस्था नभए पनि एनसिएल तथा नेपाल टेलिकमबाट सञ्चारको सुविधा विस्तार गरिएको छ। यहाँ एउटा इलाका हुलाक कार्यालय पनि रहेको छ। त्यस्तै, नेपाल टेलिकम, एनसेल र यू.टि.एल. लगायतका सेवा प्रदायक कम्पनीहरूले टेलिफोन तथा मोबाईल फोन सेवा उपलब्ध गराईरहेका छन् । नगरपालिकाको कार्यालयमा सञ्चारका सम्पूर्ण सुविधाहरू उपलब्ध छन् भने सबै वडा कार्यालयहरूसम्म इन्टरनेट सुविधा पुगेको छ। सामान्यतयाः यस नगरपालिकाको ५० प्रतिशत मानिसहरूको हातमा मोबाइल फोन रहेको देखिन्छ। यस्तै घरमा रेडियो र टेलिभिजन हुने घरधुरी संख्या पनि उल्लेख्य नै छ। अन्यको तुलनामा इन्टरनेटको पहुँच भने कम पुगेको देखिन्छ। यसका पछाडि परिवारको जनचेतना र आर्थिक हैसियतको महत्वपूर्ण भूमिका रहेको छ ।

## ५.३ विद्युत तथा वैकल्पिक ऊर्जाको अवस्था

करिब ७५ प्रतिशत घरधुरीमा बिजुलीको व्यवस्था भएको यस नगरपालिकामा कुनै पनि हाइड्रोपावरहरू रहेका छैनन्। नगरपालिकाका सबै वडाहरूमा विद्युत लाईनको व्यवस्था गरिएको छ। यस नगरपालिकाका केही घरधुरीहरूले सोलार लगायत अन्य वैकल्पिक ऊर्जाको प्रयोग गर्ने गरेका छन् ।

### तालिका ४३ : वडा अनुसार इन्धनको प्रयोग

| वडा नं. | एलपी ग्यास | दाउरा | मट्टितेल | वायोग्यास | विजुली | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ११ | ३२७ | १ | १ | ० | ० | ३४० |
| २ | ५३ | ६२८ | २ | १६ | ० | ० | ६९९ |
| ३ | १९ | ७२६ | २ | ० | ० | ० | ७४७ |
| ४ | ४४ | ६६५ | १ | ३ | ० | ० | ७१३ |
| ५ | १४७ | ५३७ | ३ | १ | ० | ० | ६८८ |
| ६ | १२६ | ५५२ | १ | १ | १ | ० | ६८१ |
| ७ | ६६६ | ४४७ | १ | ५ | ० | १ | ११२० |
| ८ | १३८ | ५८७ | २ | २० | ० | ० | ७४७ |
| ९ | २३ | ७१२ | ३ | ० | ० | १ | ७३९ |
| १० | ६८ | ५७९ | २ | ६ | ० | ० | ६५५ |
| ११ | ३७ | ६६३ | ० | ० | ० | ० | ७०० |
| १२ | १४६ | ३७९ | ४ | ० | ० | ० | ५२९ |
| १३ | ९२ | ६२१ | ७ | १८ | ० | ० | ७३८ |
| **जम्मा** | **१,५७०** | **७,४२३** | **२९** | **७१** | **१** | **२** | **९,०९६** |

स्रोतः बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण,२०७८

**चित्र ३७ : विभिन्न प्रकारको इन्धनको प्रयोग सम्बन्धी विवरण**




स्रोतः बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण,२०७८

## ५.४ सिँचाइ तथा नदी नियन्त्रण

बेलकोटगढी नगरपालिकाको मुख्य कृषियोग्य जमिन ७०.६४ प्रतिशत रहेको छ। यहाँ खासगरी मौसम अनुसारका तरकारीहरू, मकै र गहुँसमेत उत्पादन हुने गर्दछ। यस नगरपालिकाको वडा नं. १, २, ३ र ४ मा आकाशे पानीको भरमा सिँचाइ हुने गर्दछ भने ५ नं. वडामा खोलाको पानीलाई नहरबाट सिँचाइको व्यवस्था गरिएको छ। यस क्षेत्रमा हिउँदे धानको समेत उत्पादन गर्न सकिन्छ।

## ५.५ भवन आवास बस्ती विकास तथा सामाजिक पूर्वाधार

यस नगरपालिकामा प्राथमिक, निम्न माध्यमिक, माध्यमिक, उच्च माध्यमिक गरी जम्मा २८ विद्यालयहरू रहेका छन्। त्यसमध्ये सबैभन्दा धेरै (८ वटा) विद्यालय वडा नं. १ मा रहेको छ भने सबैभन्दा न्यून जम्मा ४ विद्यालय वडा नं. २ र ५ मा रहेका छन्। उच्च माध्यमिक विद्यालय जम्मा २ वटा वडा नं. ३ र ४ मा एक-एक वटा रहेका

छन् । यस नगरपालिकाको वडा नं. १, ३, ४ र ५ मा एक-एक वटा स्वास्थ्य चौकीहरू रहेका छन् । वडानं. २ मा स्वास्थ्य चौकी छैन । यस नगरपालिकाको वडा नं. ३ मा क्लिनिक २, वडा नं. ४ मा १ र वडानं. ५ मा पनि १ क्लिनिक रहेको छ ।

## ५.६ भूकम्प र पुनर्निर्माण

यस नगरपालिकामा निजी आवास पुनर्निर्माण अन्तर्गत ११०३७ लाभग्राही पहिचान भएको थियो । यस अन्तर्गत २ वटा घर स्थानान्तरण गर्न पहिचान भएको थियो । यस नगरपालिकामा थुप्रै संघ संस्थाहरू, MoacDonald (Purnima), BC, BO, CNF, GIZ, ICIMOD, NF, NSSI, NR, NRCS, Pariwartan-N, RDB, Room TR, Round T-N, WFP, WR, लगायतको संस्थाले पुनःनिर्माणका विभिन्न आयामहरूमा योगदान गरेका छन् । जनवरी २०१९ सम्ममा ११०३७ लाभग्राहीले पहिलो किस्ताको उपयोग गरेको, ८,६६७ ले दोस्रो किस्ता लिइसकेको र १,७१३ ले तेस्रो किस्ता समेत लिइसकेको अवस्था थियो ।[२]

## ५.७ भौतिक पूर्वाधारसँग सम्बन्धित केही महत्वपूर्ण सूचकहरू

भौतिक पूर्वाधारसँग सम्बन्धित केही महत्वपूर्ण सूचकहरू देहाय बमोजिम छन्:

**(क) सडक**

| क्र.सं. | पूर्वाधारको विवरण | एकाइ | हालको अवस्था (परिमाण) |
|---|---|---|---|
| क | सर्वयाम सडक (राजमार्ग समेत) | कि.मि. | ६२ |
| १ | रणनैतिक सडक (प्रदेशको २ सडक) | कि.मि. | ५४ |
| २ | कालो पत्रे (निर्माणाधीन रणनैतिक सडक) | कि.मि. | ६२ |
| ३ | ग्राभेल सडक | कि.मि. | १२ |
| ४ | धुले सडक (१०६ वटा) | कि.मि. | ६५० |
| ५ | निर्माणाधीन सडक पुल (थप माग ३ वटा) | गोटा | १० |
| ६ | सञ्चालित झो.पु (थप माग २ वटा) | गोटा | ७ |
| ७ | घोडेटो बाटो (छलफलबाट) | वटा | ५ |
| ८ | पर्यटकीय मुख्य पदमार्ग | वटा | ३ |
| ९ | सडक सञ्जाल जोडिएको वडा | गोटा | १३ |
| १० | प्रदेश अन्तर्गत निर्माणाधीन सडक | संख्या | ९ |
| ११ | को प्राथमिकतामा परेका सडक | संख्या | ७१ |
| १२ | सडक गुरु योजना २०७६ मा प्रस्तावित चक्रपथ | संख्या | १ |
| १३ | गुरुयोजनामा A वर्गको ७ वटा सडकहरूको (RoW 19m) लम्बाइ | कि.मि. | ४४.६ |
| १४ | गुरुयोजनामा B वर्गको ७ वटा सडकहरूको (RoW 16 m) लम्बाइ | कि.मि. | ५९.७ |
| १५ | गुरुयोजनामा C वर्गको ७ वटा सडकहरूको (RoW 12 m) लम्बाइ कि.मि. | १९.३ | |
| १६ | गुरुयोजनामा D वर्गको ७ वटा सडकहरूको (RoW 9 m) लम्बाइ | कि.मि. | १४.५१ |
| १७ | गुरुयोजनामा प्रथम पञ्चवर्षीय योजना आ.व. ०७६/०७७ देखि ०८०/०८१ सम्म स्तर उन्नतिमा निर्माणको प्रस्तावित सडक | कि.मि. | ९५.५ |

[2] HRRP, Jan 2019. Housing Recovery and Reconstruction Platform

**(ख) आवास**

| क.सं. | पूर्वाधारको विवरण | एकाइ | हालको अवस्था (परिमाण) |
|---|---|---|---|
| ख | आवास भवन | | |
| १ | स्कुल भवन | गोटा | ५५ |
| २ | निजी आवास | गोटा | ९०९७ |
| ३ | जस्तापाताको छाना भएको घर | गोटा | ७१९१ |
| ४ | आरसिसि ढलान | गोटा | १७६१ |
| ५ | काठको, खर आदिको छाना | गोटा | ३२ |
| ६ | ढुङ्गा तथा अन्यको छाना | गोटा | ११२ |
| ७ | पालिका भवन निर्माणाधीन | गोटा | प्रक्रियामा |
| ८ | भूकम्प प्रतिरोधी भवन | संख्या | ७९४७ |
| ९ | ढुंगा, बालुवाको जग भएको भवन | संख्या | ३४१८ |
| १० | सिमेन्ट मसलामा बनेको भवन | संख्या | ५३३७ |
| ११ | वडा कार्यालय भवन (निर्माणाधीन-४) | संख्या | ४ |
| १२ | मापदण्ड अनुसार निर्मित भवन | संख्या | ८५२२ |
| १३ | नेसनल ग्रिडको बिजुली जडान घर | संख्या | ९००० |
| १४ | सोलार तथा अन्य स्रोत सोलार १६, एलपी ग्यास १५७० | संख्या | १५८६ |
| १५ | शौचालय भएको घर (सेप्टिक टैंक ७४२९, फ्लसवाला ७५, साधारण १३५०) | संख्या | ८८५४ |
| १६ | शौचालय नभएको घर | संख्या | २३२ |
| १७ | सफा पाइपको पानीधारा (सार्वजनिक २४११ निजी ३४७४ मूल २३१४) | संख्या | ८१९९ |
| १८ | अन्य स्रोत (इनार, नदी, बोरिङ) प्रयोग गर्ने | संख्या | ८०१ |
| १९ | खानेपानी स्किम (सुधार गर्न प्रस्तावित ६२) सञ्चालित | संख्या | ४२ |
| २० | भूकम्प प्रतिरोधी घरधुरी | संख्या | ७९४७ |
| २१ | भूकम्प प्रभावित घरधुरी | संख्या | ९९७४ |
| २२ | पुनर्निर्माण सम्पन्न घरधुरी | संख्या | ९२०२ |

# परिच्छेद- छ
# सामाजिक विकास

## ६.१ शिक्षा

संविधानमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक हुनेछ भन्ने व्यवस्था रहेको छ। प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण विकासको हक हुनेछ भन्ने व्यवस्थाका साथै प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हकको सुनिश्चितता गरेको देखिन्छ। राष्ट्रिय शिक्षा नीति २०७६ को १०.६ मा आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गराई अध्ययन निरन्तरताको व्यवस्था मिलाउनेभन्ने व्यवस्था गरेको देखिन्छ भने रालैस नीति (राष्ट्रिय लैङ्गिक समानता नीति २०७७) ले समाजमा लैङ्गिकमैत्री दृष्टिकोण निर्माण गर्न विद्यालय शिक्षादेखि नै लैङ्गिकमैत्री पाठ्य सामग्री र पठनपाठन पद्धतिको विकास गरी पाठ्य सामाग्रीमा लैङ्गिक समानता झल्किने चिन्ह, चित्र, कार्टुन लगायतका विषयलाई समावेश गरिनेछ भन्दै शिक्षाको माध्यमवाट लैङ्गिक समानताको लागि मार्ग प्रशस्त गर्ने जमर्को गरेको देखिन्छ।

### ६.१.१ साक्षरता सम्बन्धी विवरण

**तालिका ४४ : लैंगिक आधारमा साक्षरता सम्बन्धी विवरण**

| शिक्षा | पुरुष | प्रतिशत | महिला | प्रतिशत | तेस्रो लिङ्गी | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| विद्यालय जाने उमेर नपुगेका वालवालिका | १,२०८ | ४.९२ | १,१९६ | ५.१८ | २.०० | ६.०६ | २,४०६.०० | ५.०५ |
| पुर्व प्राथमिक तह (एक कक्षा भन्दा कम) | १,०७७ | ४.३८ | ९२१ | ३.९९ | – | – | १,९९८.०० | ४.१९ |
| **आधारभुत तह (१ देखि ८ कक्षा सम्म)** | **८,१३०** | **३३** | **६,०८२** | **२६** | **६** | **१८** | **१४,२१८.००** | **२९.८१** |
| माध्यमिक तह (९-१२) | ६,५३० | २६.५८ | ५,०६६ | २१.९४ | ७.०० | २१.२१ | ११,६०३.०० | २४.३३ |
| स्नातक तह | १,३१३ | ५.३५ | १,२९८ | ५.६२ | २.०० | ६.०६ | २,६१३.०० | ५.४८ |
| स्नातकोत्तर तह | ३८९ | १.५८ | २७२ | १.१८ | ३.०० | ९.०९ | ६६४.०० | १.३९ |
| एमफिल वा पिएचडी | ३५ | ०.१४ | ३४ | ०.१५ | – | – | ६९.०० | ०.१४ |
| प्राविधिक एसएलसी | ४ | ०.०२ | ७ | ०.०३ | – | – | ११.०० | ०.०२ |
| साधारण लेखपढ (साक्षर) | २,९९४ | १२.१९ | २,८८६ | १२.५० | ५.०० | १५.१५ | ५,८८५.०० | १२.३४ |
| लेखपढ गर्न नसक्ने (निरक्षर) | २,८८५ | ११.७४ | ५,३२८ | २३.०७ | ८.०० | २४.२४ | ८,२२१.०० | १७.२४ |
| **जम्मा** | **२४,५६५** | **१००** | **२३,०९०** | **१००** | **३३** | **१००** | **४७,६८८** | **१००** |

स्रोत: बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण,२०७८

कुल साक्षर जनसंख्या ८२.७६ प्रतिशत छ भने लेखपढ गर्न नसक्ने मानिस १७.२४ रहेको छ। साधारण लेखपढ गर्न जान्ने १२.३४ प्रतिशत जनसंख्या छ। विद्यालय जाने उमेर नपुगेका बालबालिकालाई गणनाबाट हटाएर साक्षरता निकाल्ने विधि (Effective Literacy Rate Calculation Method) अनुसार भने कुल साक्षरता ८१.८४ प्रतिशत हुन आउँदछ। आधारभूत तह (१ देखि ८ कक्षा) मा सबैभन्दा बढी २९.८१ प्रतिशत विद्यार्थी रहेकाछन्। त्यसैगरी माध्यमिक तह (९ देखि १२ कक्षा सम्म) रहेको विद्यार्थी २४.३३ प्रतिशत रहेको छ। स्नातक तह ५.४८ प्रतिशत, र स्नातकोत्तर तह पास गर्ने १.३९ प्रतिशत जनसङ्ख्या रहेको छ। त्यसैगरी ११ जनाले प्राविधिक एस.एल.सी. पास गरेका छन् भने पिएचडी गर्नेको संख्या ६९ रहेको छ।

**चित्र ३८ : शैक्षिक तहगत अनुसार साक्षरताको विवरण**




स्रोत: बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण,२०७८

### ६.१.२ विद्यालयमा शौचालयको विवरण

माध्यमिक तहसम्म सबैलाई सर्वसुलभ ढंगले शिक्षा दिनु सरकारको दायित्व हो। तसर्थ नेपालका विभिन्न नगरहरमा पनि विभिन्न प्रकारका विद्यालयहरू स्थापना भएका छन्। विद्यालयहरूमा पनि समुचित मात्रामा कक्षाकोठा, शिक्षक र शौचालयको व्यवस्था हुन आवश्यक हुने गर्दछ। बेलकोटगढी नगरपालिकामा रहेका विद्यालयहरूमा शौचालयको व्यवस्था गरिएको भए तापनि विद्यार्थीमैत्री शौचालयको भने कतिपय स्थानमा अभाव नै देखिन्छ।

### ६.१.३ शैक्षिक क्षेत्रसँग सम्बन्धित केही महत्वपूर्ण सूचकहरू

शैक्षिक क्षेत्रका केही महत्वपूर्ण सूचकहरूको विद्यमान अवस्था देहाय बमोजिम रहेको छ :

**तालिका ४५ : शैक्षिक क्षेत्रका केही सूचकहरू**

| क्र.सं. | शैक्षिक क्षेत्र | एकाइ | हालको अवस्था | सूचनाको स्रोत |
|---|---|---|---|---|
| १ | कूल साक्षरता दर | प्रतिशत | ८२.७६ | General Literacy Rate |
| | | | ८१.८४ | Effective Literay Rate |
| २ | महिला साक्षरता दर | प्रतिशत | ७५.६६ | |
| ३ | पुरुष साक्षरता दर | प्रतिशत | ८७.६५ | |
| | तेस्रो लिंगी साक्षरता दर | प्रतिशत | ७४.१९ | |
| ४ | अडल्ट साक्षरता दर (१५ वर्षभन्दा माथि) | प्रतिशत | ५२.९८% | EMIS, 2074 |
| ५ | खुद भर्नादर | प्रतिशत | ९२.८४% | |
| ६ | सामुदायिक विद्यालय | सङ्ख्या | ५५ | |
| ७ | संस्थागत विद्यालय | सङ्ख्या | ५ | |

| | | | | |
|---|---|---|---|---|
| ८ | विद्यालय तहमा छात्रा संख्या | सङ्ख्या | २११६ | |
| ९ | विद्यालय तहमा छात्र संख्या | सङ्ख्या | १८३९ | |
| ३६ | सिकाइ दर | प्रतिशत | ६० | |

स्रोतः बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण, २०७८ र EMIS. 2074

## ६.२ स्वास्थ्य

नगरपालिकामा हाल ११ वटा स्वास्थ्य संस्थाहरू रहेको छ। बेलकोटगढी नगरपालिकाको वडा नं १, ३,५,६,७,८,९,१०,११ र १२ मा एक एक ओटा स्वास्थ्य संस्थाहरू रहेका छन्। यस नगरपालिकाको वडा नं ३ मा क्लिनिक २, वडा नं ४ मा १ र वडा नं ५ मा पनि १ क्लिनिक रहेको छ। स्वीकृत चिकित्सकको दरबन्दी रिक्त अवस्थामा रहेको छ। यस्तै स्वास्थ्य क्षेत्रका अन्य सूचकाङ्कहरू भने सकरात्मक अवस्थामा देखिन्छन्। यो नगरपालिका पूर्ण खोपयुक्त नगरपालिकाका रूपमा घोषणा भइसकेको छ।

एच.ए., अनमी तथा अहेवबाट सञ्चालित यस नगरपालिकामा रहेका सबै स्वास्थ्य संस्थाहरूमा सुत्केरी सुविधा उपलब्ध रहेको छ। वडा नं. ८ मा रहेको स्वास्थ्य संस्थाबाट एम्बुलेन्सको सुविधा सञ्चालन भएपनि अन्य स्वास्थ्य संस्थामा एम्बुलेन्सको सुविधा रहेको छैन। स्वास्थ्य संस्थाका अतिरिक्त अन्य स्वास्थ्य पूर्वाधारको व्यवस्था यस नगरपालिकामा नरहेकोले यहाँका मानिसहरू उपचारका लागि त्रिशूली अस्पताल वा अन्य स्थानमा जानुको विकल्प छैन।

उचित समयमा खोप पाएका बालबालिकाहरूमा रोगसँग लड्ने क्षमतामा अभिवृद्धि हुने भएकाले नेपाल सरकारले नेपाल सरकारले खोप सेवालाई निकै ठूलो महत्व दिने गरेको छ। यस नगरपालिकाको खोपको विवरण तलको तालिकामा दिइएको छ।

### ६.२.१ सामान्य रोग सम्बन्धी विवरण

यस नगरपालिकामा देखिएका सामान्य खालको रोगहरूको विवरण तलका तालिकाहरूमा दिइएको छ।

**तालिका ४६ : रोग सम्बन्धी विवरण**

| वडा नं. | ज्वरो/ टाइफइड | झाडा पखाला/वान्ता | मधुमेह | पाठेघर खस्ने | न्यूमोनिया | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ० | १ | ० | ० | ० | १ | २ |
| २ | १६ | ० | १ | ५ | १३ | ३ | ३८ |
| ३ | ० | ० | ० | ० | ० | ३ | ३ |
| ४ | १ | १ | ० | १ | ० | ० | ३ |
| ५ | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | १ | १ | ० | ० | २ | १८ | २२ |
| ७ | १ | ० | ० | ० | २ | १८ | २१ |
| ८ | ० | ० | ० | ० | ० | ६ | ६ |
| ९ | २ | १ | ० | ० | १ | ११ | १५ |
| १० | ० | ० | १ | ० | ४ | ५ | १० |
| ११ | ३ | ० | ० | ० | २ | ७ | १२ |
| १२ | ० | ० | ० | ४ | ३ | ७ | १४ |
| १३ | ० | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | **२४** | **४** | **२** | **१०** | **२७** | **७९** | **१४६** |

स्रोतः बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण,२०७८

## चित्र ३९ : सामान्य रोग र रोगीको विवरण




स्रोतः बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण,२०७८

## ६.२.२ विशिष्ट रोग सम्बन्धी विवरण

यस नगरपालिकामा देखिएका विशिष्ट खालको रोगहरूको विवरण तलका तालिकाहरूमा दिइएको छ ।

### तालिका ४७ : वडा अनुसार विशिष्ट प्रकारका रोगीको विवरण

| वडा नं. | लिङ्ग | क्यान्सर | एच आइभी एड्स् | उच्च रक्त चाप | कुपोषण | कोभिड-१९ पोजिटिभ | क्षयरोग | मधुमेह | दिमागको रो | मुटुको रोग | किड्नी सम्बन्धी रोग | स्वास प्रस्वास सम्बन्धी रोग | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुरुष | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १ |
| | महिला | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | तेस्रो लिङ्गी | ० | ० | २८ | ० | ० | २ | १० | ७ | १० | १३ | २२ | ५ | ९७ |
| | जम्मा | – | – | २८ | – | – | २ | १० | ८ | १० | १३ | २२ | ५ | ९८ |
| | | | | | | | | | | | | | | |
| २ | पुरुष | ३ | ० | ३९ | ० | ० | १ | १३ | ९ | १६ | ५ | २५ | ४ | ११५ |
| | महिला | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १ |
| | तेस्रो लिङ्गी | १ | ० | १८ | ० | ० | ० | ५ | १० | ११ | ० | १९ | २४ | ८८ |
| | जम्मा | ४ | – | ५७ | – | – | १ | १८ | २० | २७ | ५ | ४४ | २८ | २०४ |
| ३ | पुरुष | ० | ० | २२ | ० | ० | ० | ९ | ८ | १६ | १ | २१ | ५० | १२७ |
| | महिला | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | तेस्रो लिङ्गी | २ | ० | १ | १ | ० | २ | १ | ३ | २ | २ | ५ | १ | २० |
| | जम्मा | २ | – | २३ | १ | – | २ | १० | ११ | १८ | ३ | २६ | ५१ | १४७ |
| ४ | पुरुष | २ | ० | २ | ० | ० | ० | ० | १ | ० | ५ | १ | ४ | १५ |
| | महिला | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ |
| | तेस्रो लिङ्गी | ० | ० | ० | ० | ० | ० | ० | १ | ४ | ० | १ | ० | ६ |
| | जम्मा | २ | – | २ | – | – | – | – | २ | ४ | ५ | ३ | ४ | २२ |
| ५ | पुरुष | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | १ | २ |
| | महिला | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | तेस्रो लिङ्गी | ३ | ० | ३ | ० | ० | ० | २ | १ | ३ | १ | ४ | ८ | २५ |
| | जम्मा | ३ | – | ३ | – | – | – | २ | २ | ३ | १ | ४ | ९ | २७ |
| ६ | पुरुष | ० | ० | १ | ० | ० | ० | १ | १ | ३ | २ | ५ | ७ | २० |
| | महिला | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | तेस्रो लिङ्गी | ३ | ० | ३३ | ० | ० | १ | ८ | २ | ११ | ५ | १२ | ४७ | १२२ |
| | जम्मा | ३ | – | ३४ | – | – | १ | ९ | ३ | १४ | ७ | १७ | ५४ | १४२ |
| ७ | पुरुष | ४ | ० | २४ | ० | ० | १ | ३ | ५ | १२ | ५ | ११ | ६२ | १२७ |
| | महिला | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | तेस्रो लिङ्गी | ० | ० | १९ | ० | ० | ० | ७ | ० | ३ | १ | १२ | ९ | ५१ |
| | जम्मा | ४ | – | ४३ | – | – | १ | १० | ५ | १५ | ६ | २३ | ७१ | १७८ |
| ८ | पुरुष | ० | ० | ३४ | १ | ० | ० | ९ | १ | १३ | १ | ११ | १० | ८० |
| | महिला | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | तेस्रो लिङ्गी | ० | ० | १ | ० | ० | ० | ० | ४ | २ | ० | ० | ७ | १४ |
| | जम्मा | – | – | ३५ | १ | – | – | ९ | ५ | १५ | १ | ११ | १७ | ९४ |
| ९ | पुरुष | ० | ० | १ | ० | ० | ० | २ | १ | ३ | १ | ३ | ७ | १८ |
| | महिला | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | तेस्रो लिङ्गी | ० | ० | २० | ० | ० | ० | १४ | ९ | ११ | २ | १८ | २६ | १०० |
| | जम्मा | – | – | २१ | – | – | – | १६ | १० | १४ | ३ | २१ | ३३ | ११८ |
| १० | पुरुष | २ | ० | २२ | ० | ० | ० | १० | ७ | ९ | १ | १३ | ४४ | १०८ |
| | महिला | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | तेस्रो लिङ्गी | ० | ० | ८ | ० | ० | २ | ४ | २ | २ | १ | ७ | ६ | ३२ |
| | जम्मा | २ | – | ३० | – | – | २ | १४ | ९ | ११ | २ | २० | ५० | १४० |
| ११ | पुरुष | ४ | ० | १३ | ० | ० | १ | ५ | ३ | ६ | २ | ९ | ५ | ४८ |
| | महिला | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | तेस्रो लिङ्गी | १ | ० | २२ | ० | ० | ० | ८ | १ | १० | ३ | २२ | २५ | ९२ |
| | जम्मा | ५ | – | ३५ | – | – | १ | १३ | ४ | १६ | ५ | ३१ | ३० | १४० |
| १२ | पुरुष | ० | ० | २५ | ० | ० | १ | ३ | ५ | ५ | २ | २१ | ३४ | ९६ |
| | महिला | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | तेस्रो लिङ्गी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | – | – | २५ | – | – | १ | ३ | ५ | ५ | २ | २१ | ३४ | ९६ |
| १३ | पुरुष | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | महिला | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | तेस्रो लिङ्गी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | – | – | – | – | – | – | – | – | – | – | – | – | – |
| | जम्मा | २५ | – | ३३६ | २ | – | ११ | ११४ | ८४ | १५२ | ५३ | २४३ | ३८६ | १,४०६ |

स्रोतः बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण,२०७८

### ६.२.३ स्वास्थ्य केन्द्रसम्मको पहुँच

यस नगरपालिकामा विभिन्न वडाका जनताहरूले स्वास्थ्य केन्द्रसम्म पुग्न देहाय बमोजिम समय लाग्ने गरेको छ ।

**तालिका ४८ : नजिकको स्वास्थ्य केन्द्रमा पुग्न लाग्ने समय**

| वडा नं. | १० मिनेट भन्दा कम | ३० मिनेट भन्दा कम | ६० मिनेट भन्दा कम | ६० मिनेट भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|
| १ | ३३ | ७० | ८७ | १५० | ३४० |
| २ | १ | १ | ८ | ६८९ | ६९९ |
| ३ | २९ | १२७ | ३४७ | २४४ | ७४७ |
| ४ | ३ | ० | १ | ७०९ | ७१३ |
| ५ | २२८ | २८१ | १४५ | ३४ | ६८८ |
| ६ | १० | ७० | १२८ | ४७३ | ६८१ |
| ७ | २०५ | ५५० | २८३ | ८२ | ११२० |
| ८ | ४२ | ९३ | १४६ | ४६६ | ७४७ |
| ९ | ४० | ५५ | २३४ | ४१० | ७३९ |
| १० | ५ | ५० | १६८ | ४३२ | ६५५ |
| ११ | १२७ | २१६ | १६५ | १९२ | ७०० |
| १२ | ६६ | १११ | १५६ | १९६ | ५२९ |
| १३ | २५ | १८७ | १९८ | ३२८ | ७३८ |
| **जम्मा** | **८१४** | **१,८११** | **२,०६६** | **४,४०५** | **९,०९६** |
| **प्रतिशत** | **८.९५** | **१९.९१** | **२२.७१** | **४८.४३** | **१००** |

स्रोतः बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण,२०७८

**चित्र ४० : नजिकको स्वास्थ्य केन्द्रमा पुग्न लाग्ने समय**



### ६.२.४ स्वास्थ्यका केही सूचकहरू

स्वास्थ्यका केही महत्वपूर्ण सूचकहरूको विद्यमान अवस्था देहाय बमोजिम रहेको छ।

**तालिका ४९ : स्वास्थ्यका सूचकहरू**

| क.सं. | स्वास्थ्य क्षेत्र | एकाइ | हालको अवस्था | सूचनाको स्रोत |
|---|---|---|---|---|
| १ | स्वास्थ्य संस्थामा बच्चा पाउने | प्रतिशत | २८% | HMIS, 2074/75 |
| २ | प्रजनन उमेर समूहका विवाहित महिला | संख्या | ९,१९५ | " |
| ३ | परित्यागदर (DPT-Hep B-Hib1 vs 3) | प्रतिशत | १०.७% | " |

स्रोतः EMIS, 2074

## ६.३ खानेपानी

बेलकोटगढीमा खानेपानी तथा सरसफाइ सन् २०११ मा ७९ प्रतिशत घरधुरीको पहुँच रहेकोमा २०७८ को सर्वेक्षण अनुसार ९५ प्रतिशत जनताको खानेपानीमा पहुँच पुगेको देखिन्छ।

यस नगरपालिकामा दुई वटा नदी २१ वटा खोलाहरू र यस्तै ठाउँ ठाउँमा स-साना मुहानहरू रहेका छन्। समथर भागमा केही स्थानमा बोरिङबाट समेत पानीको व्यवस्था गरिएको छ। नगरपालिकाको सबै खानेपानी योजनाहरू (आ.ब. ०७५ २०७६ देखि ०७७/२०७८ सम्मको योजना तथा कार्यक्रम पुस्तिका उल्लेखित) को हिसाबमा लगभग १०५ वटा साना-ठूला खानेपानी मुहानहरू रहेको पाइन्छ। नगरपालिकाको विवरण अनुसार पाइप प्रणालीबाट व्यपस्थित तवरले ५,६२६ घरधुरीमा खानेपानीको उपलब्धता छ।

आ.व. २०७७/०७८ को नगरपालिकाको खानेपानी सम्बन्धी नीतिमा उल्लेख भए अनुसार पुराना खानेपानीका योजनाहरूलाई व्यवस्थित गर्ने भन्ने उल्लेख गरिएको छ। यस्ता योजनाहरूबाट अत्यधिक पानी प्राप्त गर्ने तथा स-साना मुहानहरूको पानी संकलनबाट पनि खानेपानीको वितरण गर्नुका साथै क्षति भई सञ्चालनमा नरहेका योजनाहरूलाई पुनर्निर्माण गर्नुपर्ने भन्न कुरा उल्लेख गरिएको छ। नगरपालिकामा हाल सञ्चालनमा रहेका ४२ वटा प्रणालीहरूमा केही सुधार गर्नुपर्ने र बाँकी झन्डै ६३ वटा योजनाहरूको अध्ययन गरी प्राप्त विवरण अनुसार निर्माण सुधार गर्नु उपयुक्त देखिन्छ। खानेपानी डिभिजन कार्यालयबाट समेत केही योजनाहरूको काम भइराखेको परिपेक्षमा खानेपानीको व्यवस्थापनमा खानेपानी सब डिभिजन, प्रदेश सरकार र केन्द्र सरकारसँगको सहकार्यमा नगरपालिकामा एक घर एक धारा प्रणाली अनुरूप खानेपानी उपलब्ध गराउनुपर्ने हुन्छ।

यस नगरपालिकाको जम्मा घरधुरीमध्ये ३४६८ घरधुरीले धाराको पानी र ५७० घरधुरीले मूलको पानी प्रयोग गर्ने गरेका छन्। वडा नं १ मा रहेका घरधुरीहरूको अत्यधिक ९४.९३ प्रतिशतले धाराको पानी प्रयोग गर्ने गरेका छन् भने मूलको पानी प्रयोग गर्नेहरूमध्ये वडा नं ३ का १९.९७ प्रतिशतले मूलको पानी प्रयोग गर्ने गरेका छन्। यस नगरपालिकाको वडागत खानेपानीको स्रोत तथा प्रयोगको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

**तालिका ५० : खानेपानीको स्रोतको आधारमा जनसंख्याको वडागत विवरण**

| वडा नं. | सार्वजनिक पाइपको वितरण | निजी पाइप जडान | वोरिङ्ग | वन्द कुवा | खुला कुवा | नदि | ढुङ्गेधारा | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २०७ | ७३ | ८ | ० | ० | ० | ५१ | १ | ३४० |
| २ | ३६८ | १४९ | १ | ५२ | ७ | २९ | ९० | ३ | ६९९ |
| ३ | २३७ | ४३६ | ० | ७ | १७ | ४ | ४६ | ० | ७४७ |
| ४ | २३० | २१७ | १ | ६ | ५५ | ६८ | १३६ | ० | ७१३ |
| ५ | ४७७ | ६७ | २ | ० | १ | ११ | १३० | ० | ६८८ |
| ६ | ४१४ | १२२ | १ | २ | २ | ३ | ६२ | ७५ | ६८१ |
| ७ | १४ | २४ | १२६ | २८० | ८ | ३ | ६४६ | १९ | ११२० |
| ८ | ५०४ | १२२ | ३ | ३४ | ० | ३ | ७८ | ३ | ७४७ |
| ९ | ३०९ | १९० | ० | ० | ० | १९ | २१८ | ३ | ७३९ |
| १० | ९७ | १० | ० | २ | ० | ७ | ५३९ | ० | ६५५ |
| ११ | ११२ | २८४ | १ | ५ | ९ | २ | २८५ | २ | ७०० |
| १२ | ४२६ | ६० | १ | ५ | ४ | २ | ३१ | ० | ५२९ |
| १३ | ७९ | ६५७ | ० | ० | ० | ० | २ | ० | ७३८ |
| **जम्मा** | **३४७४** | **२४११** | **१४४** | **३९३** | **१०३** | **१५१** | **२३१४** | **१०६** | **९०९६** |
| **प्रतित** | **३८.१९** | **२६.५१** | **१.५८** | **४.३२** | **१.१३** | **१.६६** | **२५.४४** | **१.१७** | **१००.००** |

स्रोत: बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण,२०७८

**चित्र ४१ : खानेपानीका स्रोतहरू**




## ६.४ सरसफाइ तथा फोहरमैला

सरसफाइ स्थानीय तहको पुनर्संरचना गर्नु पूर्व यस नगरपालिकामा समावेश भएको बागेश्वरी गाविस खुल्ला दिसामुक्त क्षेत्र घोषणा गरिएको थियो भने अन्य स्थानमा खुला दिसामुक्त क्षेत्र घोषणा भएको अवस्था छैन। बेलकोटगढी नगरपालिका तुलनात्मक रूपमा सुगम मानिन्छ र सुगमतासँगै सरसफाइको चेतना बढ्दै गएको देखिन्छ। यस नगरपालिकाको वडा नं. ३ का ९०.०२ प्रतिशत घरधुरीले शौचालय बनाएका छन् भने वडा नं. १ का अत्यधिक ६९.९६ प्रतिशत घरधुरीले शौचालयको निर्माण गरेका छैनन्।

नगरपालिकाको आ.व. २०७७/७८ को वार्षिक नीतिमा 'हाम्रो सहर, सफा सहर भन्ने उल्लेख छ साथै 'फोहरलाई मोहरमा बदलौं भन्ने उल्लेख छ। त्यसै अनुरूप नगरपालिकामा घरको फोहर घरमा नै व्यवस्थित गर्ने प्रयास भइरहेको छ। तर सार्वजनिक स्थान र बजार क्षेत्रको फोहरलाई थान्को लगाउन नगरपालिकाले स्यानेटरी डम्पिङ साइट खोजी गरी राखेको कुरा वार्षिक कार्यक्रममा उल्लेख गरेको पाइन्छ। नगरपालिका खुला दिसामुक्त भइसकेको र हाल नगरपालिकामा देहाय बमोजिमको सरसफाइको सुविधा उपलब्ध छ:

(क) राम्रो शौचालय भएको घरधुरी फल्स भएको------ ७५ वटा
(ख) सामान्य शौचालय भएको घरधुरी--------- १३५० वटा
(ग) सेफ्टिक ट्यांकी भएको ---७४३९ वटा चर्पि नभएको–२३२ वटा
(घ) बाँकी घरधुरीमा अस्थायी शौचालय रहेको

यस नगरपालिकामा रहेका घरधुरी तथा शौचालयको व्यवस्था सम्बन्धी विवरण तलको तालिकामा विस्तृत रूपमा उल्लेख गरिएको छ ।

**तालिका ५१ : शौचालय सम्बन्धी विवरण**

| वडा नं. | सार्वजनिक ढल निकास संग जोडिएको | सेप्टिक ट्यांकी संग जोडिएको | शौचालय नभएको | साधारण खाल्डे चर्पी | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | २७५ | ४२ | २१ | ३४० |
| २ | १ | ६४३ | ३० | २५ | ६९९ |
| ३ | ९ | ७०६ | २ | ३० | ७४७ |
| ४ | ० | ६११ | ४८ | ५४ | ७१३ |
| ५ | १ | १०७ | १२ | ५६८ | ६८८ |
| ६ | २ | ६४२ | १ | ३६ | ६८१ |
| ७ | ० | १००१ | ३८ | ८१ | ११२० |
| ८ | २ | ६८९ | ३ | ५३ | ७४७ |
| ९ | ३ | ६६६ | ४ | ६६ | ७३९ |
| १० | ० | २९८ | १७ | ३४० | ६५५ |
| ११ | ५ | ६५२ | २० | २३ | ७०० |
| १२ | १ | ५०६ | १ | २१ | ५२९ |
| १३ | ४९ | ६४३ | १४ | ३२ | ७३८ |
| **जम्मा** | **७५** | **७,४३९** | **२३२** | **१,३५०** | **९,०९६** |

स्रोतः बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण,२०७८

नगरपालिकामा सार्वजनिक ढल निकाससँग जोडिएको चर्पी ०.८२ प्रतिशत, सेप्टिक ट्यांकी संग जोडिएको ८१.७८ प्रतिशत रहेको छ भने साधारण खाल्डे चर्पीको प्रयागकर्ता १४.८४ प्रतिशत रहेका छन् । शौचालय नै नभएको घरधुरी २.५५ प्रतिशत रहेको छ ।

**चित्र ४२ : सरसफाइमा पहुँचको अवस्था**




स्रोतः बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण,२०७८

**तालिका ५२ : फोहरमैला व्यवस्थापन सम्बन्धी वडागत विवरण**

| वडा नं. | फोहरमैला व्यवस्थापनको कुनै पनि तरिका नअपनाएको | कुहिने र नकुहिने फोहरमैलाको वर्गीकरण नगरेको | कुहिने र नकुहिने फोहरमैलाको वर्गीकरण गरेको | संघ संस्थाको संलग्नतामा फोहर व्यवस्थापन गरिएका | जम्मा |
|---|---|---|---|---|---|
| १ | ३३६.० | २.० | २.० | - | ३४० |
| २ | १७४.० | २०६.० | ३१८.० | १.० | ६९९ |
| ३ | २.० | १२.० | ७३३.० | - | ७४७ |
| ४ | १०३.० | ३६४.० | २४६.० | - | ७१३ |
| ५ | ३१०.० | ४८.० | ३२८.० | २.० | ६८८ |
| ६ | १५६.० | ४३६.० | ८५.० | ४.० | ६८१ |
| ७ | २८१.० | ३२६.० | ५१३.० | - | १,१२० |
| ८ | ४९.० | २६२.० | ४३३.० | ३.० | ७४७ |
| ९ | १३.० | ३५३.० | ३७२.० | १.० | ७३९ |
| १० | ५८४.० | ५५.० | १४.० | २.० | ६५५ |
| ११ | २१४.० | ४६९.० | १७.० | - | ७०० |
| १२ | ८५.० | ४३५.० | ९.० | - | ५२९ |
| १३ | ५४.० | ६८१.० | ३.० | - | ७३८ |
| जम्मा | २,३६१.० | ३,६४९.० | ३,०७३.० | १३.० | ९,०९६ |
| प्रतिशत | २५.९६ | ४०.१२ | ३३.७८ | ०.१४ | १००.० |

स्रोतः बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण,२०७८

यस नगरपालिकामा कुहिने र नकुहिने फोहरको वर्गीकरण गर्ने घर परिवार ३३.७८ रहेको छ भने ४०.१२ प्रतिशत घरधुरीले कुहिने र नकुहिने फोहरको वर्गीकरण गर्ने गरेको देखिँदैन। फोहर व्यवस्थापनको कुनै पनि तरिका नअपनाउने घरपरिवार २५.९६ प्रतिशतछ जहाँ कार्यक्रम केन्द्रित हुनु आवश्यक छ।

**चित्र ४३ : फोहरमैला व्यवस्थापन सम्बन्धी विवरण**




## ६.५ युवा तथा खेलकुद

बेलकोटगढी नगरपालिकामा खेलकुद क्षेत्रको विकासका लागि राष्ट्रिय वा प्रदेशस्तरीय रङ्गशाला वा खेल मैदान निर्माण गरिएको छैन। नगर क्षेत्रभित्र रहेका सार्वजनिक स्थल र बिद्यालयहरूका मैदानलाई नै खेल मैदानका रूपमा प्रयोग गरिएको देखिन्छ। यस नगरपालिकामा अन्य खेलकुदको तुलनामा फुटबल र भलिबल खेलप्रति बालबालिका तथा युवाहरूको आकर्षण छ।

## ६.६ लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास)

**तालिका ५३ : सामाजिक समावेशीकरण सम्बन्धी विवरण**

| शीर्षक | पुरुषको निर्णय | महिलाको निर्णय | संयुक्त निर्णय |
|---|---|---|---|
| खेती | १.७ | ३.१ | ९५.१ |
| घरको सामग्री खरिद | १.७ | ३.१ | ९५.२ |
| विवाह | १.७ | ३.२ | ९५.१ |
| औषधि | १.७ | ३.१ | ९५.२ |
| सम्पत्तिको बिक्री | १.८ | ३.२ | ९५.० |
| वच्चाहरूको पढाइ | १.७ | ३.१ | ९५.२ |
| आम्दानी -खर्च | १.८ | ३.१ | ९५.१ |
| सम्पत्तिको खरिद | १.८ | ३.२ | ९४.९ |
| सामाजिक कार्य | १.८ | ३.१ | ९५.० |

स्रोत: बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण,२०७८

**चित्र ४४ : घर परिवारमा गरिने निर्णयको विषय तथा निर्णयकर्ता**




**तालिका ५४ : वडागत रूपमा सहकारी संस्थामा संलग्न महिला परिवार**

| वडा नं. | सहकारी तथा सामुदायिक संस्थामा संलग्न महिला परिवार प्रतिशत | रु. १०० भन्दा कम जम्मा गर्ने | रु. १०० भन्दा बढी जम्मा गर्ने |
|---|---|---|---|
| १ | ७४.४ | २४.५ | ६८.८ |
| २ | ६८.१ | ६.७ | ९२.० |
| ३ | ३२.३ | ३.७ | ९४.८ |
| ४ | २७.१ | ०.० | १००.० |
| ५ | ५८.९ | ०.७ | ९९.१ |
| ६ | ४६.४ | २.२ | ९७.१ |

| | | | |
|---|---|---|---|
| ७ | ६४.६ | १.२ | ९८.६ |
| ८ | ३८.८ | १.७ | ९७.७ |
| ९ | ५३.३ | ०.५ | ९९.४ |
| १० | ७४.७ | ४.७ | ९४.४ |
| ११ | ५२.३ | ०.५ | ९९.३ |
| १२ | ५१.० | ८.५ | ८८.७ |
| १३ | ३४.१ | ०.० | १००.० |

स्रोत: बेलकोटगढी नगरपालिका, स्थलगत सर्वेक्षण,२०७८

## ६.७ खानेपानी तथा सरसफाइ क्षेत्रका केही महत्वपूर्ण सूचकहरू

खानेपानी तथा सरसफाइ क्षेत्रका केही महत्वपूर्ण सूचकहरूको विद्यमान अवस्था देहाय बमोजिम रहेको छ :

**तालिका ५५ : खानेपानी तथा सरसफाइ क्षेत्रका केही सूचकहरू**

| क्र.सं. | खानेपानी तथा सरसफाइ क्षेत्र | एकाइ | हालको अवस्था | सूचनाको स्रोत |
|---|---|---|---|---|
| १ | आधारभूत खानेपानी सुविधा पुगेको परिवार (सबैखाले स्रोत गरी) | प्रतिशत | ९५% | |
| १ | मध्यम स्तरको खानेपानी सुविधा पुगेको परिवार (सार्वजनिक तथा निजी) | प्रतिशत | ६४.७०% | घरधुरी सर्वेक्षण, २०७८ |
| २ | सार्वजनिक पाइपबाट उपलब्ध घरधुरी (मध्यम स्तरको) | प्रतिशत | ३८.१९% | " |
| ३ | निजी प्रयासबाट पाइपबाट पानी उपलब्ध घरधुरी (मध्यम स्तरको) | प्रतिशत | २६.५१% | " |
| | सञ्चालित खानेपानी प्रणाली | संख्या | ४२ | |
| | अध्ययन गर्न सकिने खानेपानी प्रणाली | संख्या | ६३ | |
| ४ | कुहिने र नकुहिने फोहोर वर्गीकरण गरी विसर्जन गर्ने घरधुरी | प्रतिशत | ३३.७८% | " |
| ५ | सेप्टिक ट्यांकीसँग जोडिएको घरधुरी चर्पी भएको घर संख्या | प्रतिशत | ८१.७८% | " |
| ६ | खाल्डे चर्पी भएको घरधुरी | प्रतिशत | १४.८४% | |
| ६ | सार्वजनिक ढलसँग जोडिएको घरधुरी चर्पी भएको घर संख्या | प्रतिशत | ०.८२% | " |

# परिच्छेद- सात
# वन, वातावरण तथा जलवायु परिवर्तनको स्थिति

## ७.१ वन तथा भूसंरक्षण

नेपालको समृद्धिको प्रमुख आधारमध्ये एक वन सम्पदा पनि एक हो र सरकारी आँकडा अनुसार देशको कुल क्षेत्रफलको ४४ प्रतिशत जमिन वन क्षेत्रले ढाकेको छ। वन जंगल संरक्षणले हाल विश्वमा बढ्दै गईरहेको तापक्रमलाई सन्तुलनमा राख्न मात्र नभएर जलवायु परिवर्तनका अन्य प्रभावहरू न्यूनीकरण गर्न समेत सघाउ पुऱ्याउँदछ। बेलकोटगढी नगरपालिकाभित्र पर्याप्त मात्रामा सामुदायिक, सरकारी र निजी वनहरू रहेकाछन्। यहाँ वन आधारभूत वर्गका मानिसहरूको जीविकोपार्जनको मुख्य स्रोतको रूपमा रहेको छ। वन अनुसन्धान तथा सर्वेक्षण विभाग (२०७४) को अनुसार वेलकोट नगरपालिकाको २५ प्रतिशत भुभाग (३९.५ वर्ग किलोमीटर क्षेत्र,३९५० हेक्टर) वनक्षेत्रले ढाकेको छ। जस मध्ये सामुदायिक वन ३४२३.८६ हेक्टर, निजी वन झन्दै ४.५ हेक्टर रहेको छ। कतिपय खुल्ला क्षेत्रमा वृक्षारोपण गरी थप हरियाली बढाउन सकिन्छ।

### ७.१.१ सामुदायिक वनको विवरण

जिल्लाको समग्र उत्पादनशिल वनको क्षेत्रफल कुल क्षेत्रफल को ३१.८९% को औसत मौज्दात (Growing Stock) १५२.५८ घ.मि. प्रति हेक्टर देखिन्छ र यस तथ्याङ्कलाई आधार मान्दा र प्रायः जसो सामुदायिक वनहरू उत्पादनशिल वनको नै हिस्सा हुने भएकाले यस नगरपालिकाको क्षेत्राधिकारमा पर्ने सामुदायिक वनको क्षेत्रफल ३४२३.८६ हेक्टरको आधारमा जम्मा मौज्दात करिब ५२१३८५.४ घ.मि. रहेको अनुमान गरिएको छ।

डिभिजन वन कार्यालयको तथ्याङ्क अनुसार यस नगरपालिकामा ४८ ओटा समुदायिक वन रहेका छन् जुन निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ५६ : सामुदायिक वनहरूको विवरण**

| क्र. सं. | सामुदायिक वनको नाम | ठेगाना | हस्तान्तरण मिति | क्षेत्रफल | वार्षिक स्वीकार्य कटान | | घरधुरी | नवीकरणको मिति |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | काठ | वल्लावल्ली | | |
